सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ मंसिर २०८२, शनिबार (29 Nov 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सर्वोच्चलाई राष्ट्रपतिको जवाफ

'ओलीकै लिखित सिफारिसमा कार्की प्रधानमन्त्री नियुक्त'

- प्रतिनिधिसभा विघटन र सुशीला कार्की नेतृत्वमा सरकार गठनविरुद्ध परेका १६ रिटमा सर्वोच्चको संवैधानिक इजलासले गत १२ कात्तिकमा सबै पक्षसँग लिखित जवाफ माग गरेको थियो

- राष्ट्रपति कार्यालयले 'आवश्यकताको सिद्धान्त'को उदाहरण दिँदै आफ्ना निर्णयहरू न्यायिक रूपमा उचित रहेको ठहर गर्न दिएका दलिल







● **अर्जुनप्रसाद कोइराला**
प्रवक्ता, सर्वोच्च अदालत

प्रधानमन्त्री कार्यालयमा पनि म्याद तामेली भइसकेको छ, तर जवाफ आइसकेको छैन। सबै निकायबाट जवाफ आएपछि यससम्बन्धी मुद्दामा सुनुवाइ अघि बढ्छ।

नवराज मैनाली/नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले तत्कालीन प्रधानमन्त्री केपी ओलीकै लिखित सिफारिस र सहमतिका आधारमा सुशीला कार्की नेतृत्वको चुनावी सरकार गठन भएको स्पष्ट गरेका छन्। सरकार गठनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतलाई पठाएको लिखित जवाफमा राष्ट्रपति कार्यालयले राजनीतिक दल तथा सरोकारवालासँगको परामर्श र संविधानले दिएको अधिकारअनुसार सरकार गठन गरिएको दाबी छ।

तत्कालीन प्रधानमन्त्री ओलीले भने आफूले कार्की नेतृत्वको सरकार गठनका लागि सिफारिस गरेको भन्ने दाबी सत्य नभएको बताउँदै वर्तमान सरकारको संवैधानिक हैसियतमाथि लगातार प्रश्न उठाइरहेका छन्। यही वेला राष्ट्रपति कार्यालयले लिखित कागजात अदालतमा दिएर ६ महिनाभित्र नयाँ प्रतिनिधिसभा निर्वाचन गराउने उद्देश्यसहित कार्की नेतृत्वको सरकार नियुक्त गरिएको र यो कदम देशलाई तत्काल संवैधानिक जीवन प्रदान गर्ने प्रयास भएको दाबी गरेको छ।

राष्ट्रपति कार्यालयका सचिव डा. दीपक काफ्लेले पठाएको लिखित जवाफमा 'विषम परिस्थितिमा संविधानले दिएको अधिकार प्रयोग गरिएको' उल्लेख छ। जवाफमा

» पृष्ठ २ मा क्रमशः

मुलुकमा शान्ति तथा स्थायित्व कायम गर्न, मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवापुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकांक्षाअनुसार राजनीतिक दल तथा सरोकारवालाहरूसँगको परामर्शसमेतका आधारमा संविधानबमोजिम राष्ट्रपतिमा अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरेको

नेपालको संविधानको पालना र संरक्षण एवं नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न तत्काल आवश्यक कदम चाल्न अपरिहार्य भएकाले राष्ट्राध्यक्षको हैसियतले निर्णय लिएको

तत्कालीन प्रधानमन्त्री ओलीबाट हाल मुलुकमा उत्पन्न हुन गएको विषम तथा असाधारण परिस्थितिलाई दृष्टिगत गरी राष्ट्रपति संविधानको पालक, संरक्षक तथा नेपालको राष्ट्रिय एकताको प्रवर्द्धक हुने संवैधानिक प्रतिबन्धात्मक व्यवस्थाबमोजिम उपयुक्त निकास दिन लिखित सिफारिस र सम्मति आएको

नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्थाबमोजिम ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेको

मुलुक र जनताको बृहत्तर हितमा कार्य गर्ने विश्वासका साथ देशको असहज परिस्थितिलाई सहज बनाउन र तत्काल अन्य कुनै पनि संवैधानिक विकल्पको अभाव र संविधानको प्रचलित अन्य व्यवस्था क्रियाशील हुनसमेत नसकेको अवस्थाबाट मुलुकलाई तत्काल संवैधानिक जीवन प्रदान गर्न भूमिका खेलेको

तत्काल अन्य कुनै पनि संवैधानिक विकल्पको अभाव र संविधानको प्रचलित अन्य व्यवस्था क्रियाशील हुनसमेत नसकेको विषम तथा असाधारण अवस्थामा तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न संवैधानिक मर्मभित्रैबाट गरेका कामकारबाही कानुनसम्मत रहेको

» पृष्ठ २ मा क्रमशः

घोषणापत्रमा लेख्ने, तर कार्यान्वयन नगर्ने दल र उम्मेदवारलाई कस्दै आयोग

दल वा उम्मेदवारले घोषणापत्रमा उल्लेख गरेबमोजिमको कार्यप्रगति प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने व्यवस्था निर्वाचन आचारसंहितामा राखिँदै, प्राप्त सुझावलाई समेटेर मस्यौदालाई अन्तिम रूप दिँदै निर्वाचन आयोग



● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

आचारसंहिताको मस्यौदा अहिले राय-सल्लाहको चरणमा छ। दल र सरोकारवालासँग सल्लाह गरेर मात्र अन्तिम रूप दिनेछौं। निर्धारित समयभित्र चिट्ठी पठाएर राय-सुझाव माग्दा दलहरूबाट सुझाव आएको छैन।

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले राजनीतिक दल र निर्वाचित प्रतिनिधिलाई जनतासँग गरेका वाचा पूरा गर्ने जिम्मेवारीमा थप अनुशासित बनाउन आचारसंहितामा नयाँ प्रावधानको प्रस्ताव गरेको छ। यो प्रावधानमार्फत चुनावी घोषणापत्रमा वाचा गर्ने, तर निर्वाचित भएपछि कार्यान्वयन नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने आयोगको अपेक्षा छ।

दलहरूलाई सुझावका लागि पठाइएको निर्वाचन आचारसंहिता, २०८२ को मस्यौदाको दफा ३७ (३) मा 'राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने' प्रावधान छ। आयोगका अनुसार यो व्यवस्थाबारे दलहरूले कुनै सुझाव दिएका छैनन्, जसलाई आयोगले दलहरूको सहमतिका रूपमा बुझेको छ।

घोषणापत्र बनाएर चुनाव प्रचारमा जाने दल तथा उम्मेदवारहरूले निर्वाचित भइसकेपछि आफ्ना वाचा बिर्सिँदै आएका छन्। चुनावमा गरेका कति वाचा पूरा गरे भनेर समीक्षा पनि गर्दैनन्। यही कुरा दलहरूलाई सम्झाउन आयोगले यो व्यवस्था राखेको आयुक्तहरू बताउँछन्।

» पृष्ठ २ मा क्रमशः

■ यस्तो बन्दै छ निर्वाचन आचारसंहिता

- सरकारी, सार्वजनिक संस्था तथा विद्यालय क्षेत्रभित्र निर्वाचनसम्बन्धी भेला वा प्रचार गर्न नहुने
- दल वा उम्मेदवारको चुनाव चिह्नअंकित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता सांकेतिक सामग्री उत्पादन, प्रयोग, बिक्री-वितरण वा प्रदर्शन गर्न नहुने
- स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचार गर्न नहुने
- बालबालिकालाई निर्वाचन प्रचारमा प्रयोग गर्न नहुने
- सार्वजनिक यातायातमा अवरोध हुने गरी जुलुस गर्न नहुने
- सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न नहुने, चुनावमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन वा भ्फुटा साइट खोल्न नपाइने
- चुनावलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टिप्पणी गर्न नहुने
- मत सर्वेक्षण गर्न नहुने
- चुनावमा प्रतिकूल प्रभाव पार्ने सामग्री उत्पादन तथा सञ्जालमा सेयर गर्न नहुने

सरकार, मन्त्री र पदाधिकारीले गर्न नहुने

- शिलान्यास, उद्घाटन, सम्भाव्यता अध्ययन गर्ने तथा अनुदान दिन नहुने
- नियुक्ति, पदपूर्ति, भत्तावृद्धि, सुविधा वा पुरस्कार प्रदान गर्न नहुने
- निर्वाचन कामबाहेक कर्मचारी सरुवा र पदस्थापन गर्न नहुने (नियमिततर्फ गर्नेपरे आयोगको सहमति लिने)
- ४८ घण्टाको मौन अवधिमा कुनै खाले अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल गर्न नहुने
- आयोगको अनुमतिविना वैदेशिक भ्रमण गर्न नहुने

दल, उम्मेदवार र भ्रातृ संगठनले गर्न नहुने

- जुलुस, आमसभा, बैठक वा भेला गर्दा कसैको घर आसपास गई विरोध प्रदर्शन गर्न नहुने, २४ घण्टाअघि स्थानीय प्रशासनको अनुमति लिनुपर्ने, बिहान ७ देखि बेलुका ७ बजेसम्म गर्नुपर्ने, चुनाव चिह्न वा भ्रन्डाअंकित लोगो, स्टिकर वा कपडा, टोपी, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने
- दलहरूले चुनावमा ७५ ग्रामसम्मको कागजमा तीन सय वर्गइन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने
- उम्मेदवार वा दलले आफ्नो कार्यालयबाहेकका स्थानमा चुनाव चिह्न, डिजिटल बोर्ड वा फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन नहुने



- मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने
- दलको झन्डाको वा दल वा उम्मेदवारको चुनाव चिह्नको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न नहुने
- भित्तेलेखन गर्न, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायत प्रयोग गरी च्याली गर्न नहुने
- दल वा उम्मेदवारले जुलुस, आमसभा, घरदैलो वा च्याली गर्दा बढीमा १० भन्दा बढी राष्ट्रिय झन्डा प्रयोग गर्न नहुने
- मनोनयन दर्ता गर्दा आफूले खर्च गर्ने अनुमानित रकम र त्यसको स्रोत खुलाउनुपर्ने, दल र उम्मेदवारले खर्च गर्दा बैंक खातामार्फत गर्नुपर्ने, २५ हजारभन्दा बढीको सहयोग प्राप्त गर्दा बैंकबाट लिनुपर्ने, विजयी उम्मेदवारले भोजभतेर गर्न वा नगद बाँड्न नहुने
- उम्मेदवारले दुईवटा सवारी अनुमति लिएर प्रयोग गर्न पाउने, सवारी नचल्ने भेगमा चारवटा घोडा प्रयोग गर्न पाउने, दलले तोकेका दुई मुख्य प्रचारकले मात्र आयोगको अनुमतिमा हेलिकोप्टर प्रयोग गर्न पाउने

आराम गरिरहेका देउवा सक्रिय हुँदा पनि कांग्रेस महाधिवेशन अन्योलमै

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा इतर समूहका नेता डा. शेखर कोइरालासहित नौ नेतासँग शुक्रबार देउवाले गरेको छलफल निष्कर्षविहीन, नेताहरू शनिबार २ बजे फेरि छलफलमा जुट्ने

पर्शुराम काफ्ले/नयाँ पत्रिका



पूर्णबहादुर खड्का गगन थापा विश्वप्रकाश शर्मा

शेखर कोइराला धनराज गुरुङ विमलेन्द्र निधि कृष्ण सिटौला रमेश लेखक बालकृष्ण खाण

वरिष्ठ उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक जिम्मेवारी दिएपछि कार्यकारी भूमिकाबाट दूरी बनाएर बसेका सभापति शेरबहादुर देउवा पुनः सक्रिय हुँदा पनि कांग्रेसको महाधिवेशन मिति विवाद टुंगिन सकेको छैन। पार्टीको १५औं महाधिवेशन आगामी २१ फागुनको निर्वाचनअघि गर्ने कि पछि भन्ने विषयमा उत्पन्न विवाद समाधान गर्न देउवाले शुक्रबार नौजना शीर्ष नेतासँग गरेको छलफल पनि निष्कर्षविहीन भएको छ।

महाधिवेशन मिति टुंग्याउन आइतबारका लागि

» पृष्ठ २ मा क्रमशः

बैठकपछि उपसभापति धनराज गुरुङले भने-

पुस मसान्त नियमित महाधिवेशन मिलनविन्दु बन्न सक्छ। सबै नेता साथीहरूले आ-आफ्नोतर्फबाट सकारात्मक भूमिका निर्वाह गर्नुँ भनेका छौं। सभापतिज्यूको निवासमा आज (शुक्रबार) भएको अनौपचारिक बैठक केही हदसम्म सकारात्मक दिशामा अघि बढेको छ।

■ विशेष महाधिवेशन पक्षधरले मागे वार्ताको पत्र

विशेष महाधिवेशन हस्ताक्षर अभियानका नेताहरूले पार्टी नेतृत्वसँग वार्ताका लागि औपचारिक पत्र मागेका छन्। कार्यवाहक सभापति पूर्णबहादुर खड्काले शनिबार बिहान भेट्न आउन अभियानको अगुवाइ गरेका कांग्रेस नेता गुरुराज घिमिरेलाई फोनमा आग्रह गरेका थिए। घिमिरेले संस्थागत औपचारिक व्यवहार गर्न अनुरोध गर्दै छलफलका लागि औपचारिक च्यानलबाट पत्राचार गर्न अनुरोध गरेको विशेष महाधिवेशन पक्षधर युवा नेता बलदेव तिमल्सिनाले नयाँ पत्रिकासँग भने।

त्रिवि मैदानभित्र ब्याट-बल र बाहिर जीवन बदल्ने प्रतिस्पर्धा

कीर्तिपुरको चौरदेखि बल्खुसम्म साना व्यवसाय गरेका, रोजगारी गुमाएकादेखि नयाँ अवसर खोज्नेका लागि एनपिएल जीवनयापनको नयाँ मैदान

शिवहरि घिमिरे/नयाँ पत्रिका

कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशाला खेलको उत्साहले जति गुञ्जिएको छ, त्यति नै मैदानबाहिरको खुला चौरमा जीवन बदल्ने प्रतिस्पर्धा चलिरहेको छ। मैदानभित्र ब्याट-बलको प्रतिस्पर्धा चलिरहँदा बाहिर भने रोजगारी, आम्दानी र अनेक अवसरको सम्भावना खुलेको छ। कीर्तिपुरको चौरदेखि बल्खुसम्म साना व्यवसाय गरेका, रोजगारी गुमाएकादेखि नयाँ अवसर खोज्नेका लागि एनपिएल जीवनयापनको नयाँ मैदान बनेको छ। जेन-जी आन्दोलनपछि शिथिल बजारमा एनपिएलको रौनक छ।

नेपाली क्रिकेटको सबैभन्दा चर्चित प्रतियोगिता एनपिएल सुरु भएपछि कीर्तिपुर रंगशालाबाहिरको खुला चौर र बल्खु क्षेत्र साना-ठुला व्यापारी, बेरोजगार युवा, परिकार बेच्ने महिलादेखि जर्सी-भ्रन्डा बोकेर हिँड्ने व्यापारीसम्मका लागि 'अस्थायी बजार' बनेको छ। रंगशालाछेउमा बसेर सानातिना व्यापार गरिरहेकाले खेल आयोजनाले आफ्नो

» पृष्ठ २ मा क्रमशः











एनपिएल सुरु भएपछि कीर्तिपुर रंगशालाबाहिरको खुला चौर र बल्खु क्षेत्र साना-ठुला व्यापारी, बेरोजगार युवा, परिकार बेच्ने महिलादेखि जर्सी-भ्रन्डा बोकेर हिँड्ने व्यापारीसम्मका लागि 'अस्थायी बजार' बनेको छ। खेल हेर्न हरेक दिन करिब १५ हजार दर्शक पुग्छन्। रंगशालाछेउमा बसेर सानातिना व्यापार गर्नेहरूले प्रतियोगिताले आफ्नो दैनिकीसमेत बदलिदिएको महसुस गरिरहेका छन्। 'दैनिक पाँचदेखि १० हजारसम्म आम्दानी भएकै छ। भाडा तिर्नुपरेको छैन। अब क्रिकेटपछि पनि अन्य ठाउँमा यही व्यवसाय सुरु गर्ने योजना छ,' रंगशालाबाहिर ठेलामा खाजा पसल चलाइरहेका प्युठानका धीरज केसीले सुनाए।

तस्बिरहरू : **सन्जीव योञ्जन, अमुल थापा**/नयाँ पत्रिका

झ्नयाँ

जसले संसारभरिका दुई लाख मानिसको दृष्टि फर्काए



स्वास्थ्य

डा. सन्दुक रुइतसँग उपचार गराउन र सिक्न अफ्रिकादेखि अमेरिकासम्मका मानिस आउँछन्

उनले चार दशकको अवधिमा डेढ लाख नेपाली र ५० हजार विभिन्न देशका नागरिकको आँखाको शल्यक्रिया गरेका छन्।

धिमेसुँग रमाउँदै युवापुस्ता



संस्कृति

धिमे बजाउने युवा भन्छन्- हाम्रो उद्देश्य उपत्यकाको संस्कृति प्रवर्द्धन गर्ने हो। हामीले नगरे कसले गर्ने ?

'राम्रो कृति अनुवाद गरिसकेपछि लोभ पो लाग्छ'



अनुवाद-संवाद

प्रवीण अधिकारीसँग

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

जंगी अड्डा पुगेर प्रधानमन्त्री कार्कीले भनिन्-

निर्वाचनमा एक थोपा रगत नबगोस्

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमा सेना परिचालनको स्वीकृति दिएको भोलिपल्टै प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार जंगी अड्डामा सैनिक अधिकारीहरूसँग छलफल गरेकी छिन् । सो अवसरमा प्रधानमन्त्रीले निर्वाचनमा एक थोपा रगत नबग्ने गरी सुरक्षाको बन्दोबस्त गर्न निर्देशन दिएकी छिन् । स्वीकृति पाए पनि सेना कहिलेदेखि परिचालित हुने भन्ने तय भइसकेको छैन ।

प्रधानसेनापति अशोकराज सिग्देल, जंगी अड्डा र उपत्यकामा रहेका सेनाका विभाग एवं निकायका प्रमुखहरूले पछिल्लो सुरक्षा स्थितिबारे प्रधानमन्त्रीलाई ब्रिफिङ गरेका थिए । गृहमन्त्री ओमप्रकाश अर्याल, कानुनमन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्यालसहित प्रधानमन्त्री कार्की जंगी अड्डा पुगेकी थिइन् ।

प्रधानमन्त्रीलाई उद्धृत गर्दै बैठकपछि उनका प्रेस संयोजक रामबहादुर रावलले भनेका छन्, 'मैले यसअघि पनि भन्दै आएको छु कि आगामी चुनावमा एक थोपा पनि रगत बग्नुहुँदैन र एकजना पनि घाइते हुनुहुँदैन । यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायहरूसँगको समन्वयात्मक र त्रुटिरहित ढंगले काम गर्नुहोस् ।'

प्रधानमन्त्री कार्कीले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेनालाई प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास गरिन् । 'जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिहरूलाई विनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्नुहोस्,' प्रधानमन्त्रीको निर्देशन थियो ।

प्रधानमन्त्री कार्कीले २४ भदौमा जेन-जी आन्दोलनको क्रममा लुटिएका र हराएका हातहतियारको खोजी तया नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग सहकार्य गर्न पनि सेनालाई निर्देशन दिएकी छिन् । उनले स्थिति सामान्य पार्ने र फरार अपराधी पक्रन प्रहरीलाई सहयोग गर्न पनि आग्रह गरिन् ।

सेनाले प्रधानमन्त्रीलाई निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे प्रस्तुतीकरण गरेको थियो । विगतका निर्वाचनभैंँ सेना सुरक्षाको तेस्रो बाहिरी घेरामा रहने तथा तीन चरणको सुरक्षा योजनामा काम गर्ने जानकारी प्रधानमन्त्रीलाई दिइएको एक सैनिक अधिकारीले बताए ।

सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतले निर्वाचनपूर्व, निर्वाचन अवधिभर र निर्वाचनपछिका तीन चरणको बेग्लाबेग्लै सुरक्षा योजनाअनुसार सेना परिचालित हुने बताए । 'निर्वाचनपूर्व मतपत्र छपाइको सुरक्षा, नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षाको जिम्मा लिँदै आएका संचनाहरूको सुरक्षा जिम्मेवारी सेनाले लिनेछ,' प्रवक्ता बस्नेतले भने, 'निर्वाचनको वेला निर्वाचनस्थलमा तेस्रो घेरामा सेनाले सुरक्षा दिनेछ । निर्वाचनपछि मतपेटिका ढुवानीको सुरक्षा सेनाले गर्नेछ । प्रदेश र जिल्लास्तरमा एकीकृत सुरक्षा योजना कार्यान्वयन हुनेछन् ।'

चुनाव जित्न होइन, राष्ट्रका सामु आएको संकट सामना गर्न एकता गरेका हौँ : प्रचण्ड

धनगढीमा **तेजराज भट्ट**



नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले चुनाव जित्नका लागि मात्र कम्युनिस्ट पार्टीबिच एकता नगरेको बताएका छन् । धनगढीमा शुक्रबार आयोजित नेकपा एकता सन्देश सभालाई सम्बोधन गर्दै प्रचण्डले राष्ट्रसामु आएका चुनौती सामना गर्न र नागरिकको आत्मसम्मान जोगाउन वामपन्थी, प्रगतिशील शक्तिबिच एकता गरिएको बताए ।

कतिपयले आफू सुरक्षित हुन र चुनावमा दुई-चार सिट जित्न एकता गरिएको हो भन्ने गरेको उल्लेख गर्दै प्रचण्डले त्यो गलत भएको दाबी गरे । 'गत २४ भदौमा जुन विध्वंस भयो, नेपालको राष्ट्रिय स्वाधीनता, भयानक संकटमा पुग्यो । केही घण्टा नेपाल राज्यविहीनजस्तो देखियो । कसको हातमा थियो छ- सात घण्टा नेपाल, कसले चलाएको थियो त्यतिवेला ? कोही नेता सुरक्षित थिएनन्, कसैका अफिस सुरक्षित भएनन्, इतिहासका सबै धरोहर जलाइए । कसले गऱ्यो त्यो काम ? निकै गम्भीर छ यो प्रश्न,' प्रचण्डले भने, 'त्यसकारण हामीले सोचेको के हो भने सबै नेपाली, वामपन्थी र देशभक्त एकता नगरी राष्ट्रका सामु आएको संकट सामना गर्न सकिँदैन ।'

नेपाली जनताको आत्मसम्मान र आफ्नोबारेमा निर्णय गर्ने अधिकारलाई सुरक्षित गर्न एकता अभियान सुरु गरिएको उनको भनाइ छ । सबै नेपाली, सबै वामपन्थी, प्रगतिशील र देशभक्तहरूलाई एकताबद्ध नगरी राष्ट्रका अगाडि आएको संकटको सामना गर्न नसकिने उनले बताए । लोकतन्त्रवादी शक्तिलाई पनि एउटै मोर्चामा ल्याउन आवश्यक रहेकाले गैरकम्युनिस्ट देशभक्त र लोकतन्त्रवादीसँग पनि कुरा सकारात्मक भइरहेको प्रचण्डको भनाइ थियो ।

'हामीले स्वाधीनताको रक्षासँगै कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, आर्थिक, भौतिक विकासमा कायापलट गर्नु छ,' प्रचण्डले भने, 'त्यही गर्न नसकेकाले जेन-जी युवाले हामीलाई खबरदारी गरेका हुन् । हामीले आत्मालोचना गर्नुपर्छ, हामीले गरेका छौँ ।'

प्रचण्डले १५ वटाभन्दा बढी वामपन्थी घटक मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएको उल्लेख गर्दै यतिले पुग्यो भन्ने पक्षमा आफूहरू नरहेको बताए । एमालेभित्र रहेका देशभक्त वामपन्थीहरूलाई नेपाली कम्युनिस्ट पार्टीमा गोलबद्ध हुन आह्वानसमेत उनले गरे । 'यति भयो, पुग्यो भन्नेमा हामी छैनौँ । यो राष्ट्रको रक्षाको निम्ति, जनताको आकांक्षा र आवश्यकता परिपूर्तिका निम्ति हामीले अन्य वामपन्थी शक्तिसँग पनि र हाम्रो ध्यान एमालेतिर पनि त्यत्तिकै छ,' उनले भने, 'एमालेभित्रका सबै देशभक्त, सबै वामपन्थी क्रान्तिकारीहरू पनि नेपाली कम्युनिस्ट पार्टीमै केन्द्रित हुनुपर्दछ भन्ने हाम्रो जोड छ ।'

एमाले अध्यक्ष केपी ओलीलाई लक्षित गर्दै उनले हिजो आफैँ संसद् विघटन गर्नेहरूले अहिले चुनावलाई स्वीकार गरेर जानुको साटो संसद् पुनर्स्थापनाको उल्टो कुरा कुरा गरिरहेको टिप्पणी गरे । उल्टो बाटो हिँडेर नेपाली जनता र राष्ट्रलाई दुःख दिनेलाई जनताले चुनावमा सबक सिकाउनुपर्ने उनले बताए । उनले अहिले निर्वाचनको विकल्प नभएको बताए ।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने संकल्प लिएर अघि बढेका छौँ : नेपाल

सभामा नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले नेपाली कम्युनिस्ट पार्टी नेपाली विशेषताको समाजवाद निर्माणको संकल्प लिएर अघि बढेको बताए । समानता, न्याय, विकास, समृद्ध जीवनको भावना लिएर पार्टी अघि बढेको उनको भनाइ छ ।

जनतालाई केन्द्रमा राख्ने, सुशासनप्रति प्रतिबद्ध हुने, नैतिकता, मूल्य-मान्यताप्रति, सामाजिक न्याय र समावेशिताप्रति प्रतिबद्ध भएर, विविधतालाई स्वीकार गरेर पार्टी अगाडि बढेको नेपालले बताए । नयाँ क्रान्तिकारी पार्टी बनाउने संकल्प लिएर नेपाली कम्युनिस्ट पार्टी गठन गरेको उनको भनाइ छ ।

'नेपाली कम्युनिस्ट पार्टी जनताको भरोसाको केन्द्र हो । राजनीतिमा हामी देखिरहेका छौँ, दलालीकरणको प्रवृत्ति, ठेकेदारीकरणको प्रवृत्ति, व्यापारीकरणको प्रवृत्ति, भष्टीकरणको प्रवृत्तिको अन्त्य गरेर नेपालको राजनीतिलाई स्वस्थ बनाउने कामको अगुवाइ नेपाली कम्युनिस्ट पार्टीले गर्नेछ,' नेपालले भने, 'कुशासन र भ्रष्टाचार अन्त्यको कामलाई हाम्रो पार्टीले गर्नेछ ।'

देश-दुनियाँमा ख्याति कमाएका व्यक्तिहरू नेपाली कम्युनिस्ट पार्टीमा जोडिँदै गएको उल्लेख गर्दै उनले नयाँ नेपाल बनाउने नेपाली कम्युनिस्ट पार्टीको संकल्पमा साथ दिन आह्वान गरे । एकताप्रति जनताले विश्वास देखाएको नेपालको भनाइ थियो ।

जनतालाई केन्द्रमा राख्ने, सुशासन कायम राख्ने, सामाजिक सद्भाव बढाउने कुरामा पार्टीले ध्यान दिने उनले बताए । ०७५ मै नेकपा गठन गरेर कम्युनिस्ट एकताको प्रयास गरिए पनि गलत पात्रका कारण पार्टी विखण्डनको अवस्थामा पुगेको उनले बताए । सहसंयोजक नेपालले नेकपा विखण्डनबाट पाठ सिकेर आफूहरू अगाडि बढेको दाबी गरे । सभामा एमाले अछामका पूर्वअध्यक्ष एवं संविधानसभा सदस्य भरत साउदसहित एमाले तथा अन्य पार्टीबाट थुप्रै नेता-कार्यकर्ता नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश गरेका थिए ।

पूर्वएआइजी पोखरेल रास्वपा प्रवेश

रविमाथि अन्याय गरिएको भन्दै लड्ने घोषणा

काठमाडौँ/ नेपाल प्रहरीका पूर्वएआइजी विश्वराज पोखरेल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गरेका छन् । वनस्थलीस्थित पार्टी कार्यालयमा आयोजित समारोहमा रास्वपाको पार्टी सदस्यता लिँदै पोखरेलले सभापति रवि लामिछानेलाई कानुनको गलत व्याख्या गरेर फसाइएको दाबी गरे ।

'प्रहरीमा २९ वर्ष आफ्नो इमानमा काम गरेको मान्छे हो । म बोल्न डराउँदिनँ । रास्वपा सभापतिमाथि जुन किसिमको अन्याय भएको छ, त्यो अन्यायविरुद्ध यहाँ समाहित भएर लड्न भनेर आएको हुँ,' उनले भने, 'किनभने कानुनको सेलेक्टिभ प्रयोगबाट जनतामा जुन फ्रस्टेसन आएको छ, त्यो नैराश्यताविरुद्ध लड्नका लागि, मुलुकमा सुशासन र कानुनी शासन स्थापना गर्न हामी इमानदारहरू एकै ठाउँमा बसेर नलड्ने हो भने आउने पुस्तासम्मले दुःख पाउँछ । त्यो अवस्थाको अन्त्य कसैले गर्न सक्छ भने रास्वपाले मात्र सक्छ ।'

अन्यायविरुद्ध साथ दिन जनतालाई अपिलसमेत गरे । 'रविजीमाथि भएको अन्यायले कानुनको गलत व्याख्या गरेर कसरी फसाइन्छ भन्ने देखिएको छ । हाम्रो पार्टी सभापतिलाई जुन अन्याय भएको छ, त्यही विषयमा क्राइम गर्नेलाई छोडिएको छ । उहाँलाई किन फसाइयो भने उहाँप्रति जुन जनताको भरोसा थियो, मुलुकको परिवर्तन र सुशासनका लागि जुन कदम चाल्नुभयो त्यसबाट अत्तालिएर फसाइयो । यसविरुद्ध हाम्रो लडाइँ हुन्छ,' उनले भने ।

पोखरेलले मुलुकको विकास र समृद्धिको यात्रा रास्वपाबाट मात्रै अगाडि बढ्छ भनेर जनताले आशा गरेको पार्टीको सदस्यता ग्रहण गर्न पाउँदा खुसी लागेको बताए । जनताको विश्वास पुराना पार्टीले गुमाइरहेको अवस्थालाई विश्वासमा ल्याउन रास्वपाबाट मात्रै सम्भव भएको र आफ्नो अनुभवलाई पार्टीको हितमा प्रयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

सक्कल कागजात हरायो

मिति २०८२/३/१ मा अनामनगरदेखि कोटेश्वरसम्म जाँदा मेरो २०६७ सालको सि.नं. ०३११३८९M को एसएलसीको मार्कसिट, रजिष्ट्रेशन नं. २६६१९ को नेपाल मेडीकल काउन्सिलबाट जारी भएको रजिष्ट्रेशन सर्टिफिकेट र TU रजिष्ट्रेशन नं. : ४-२-१५३-७५-२०१३ को MBBS को Academic Transcript हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

नाम : सोनिया श्रेष्ठ

सम्पर्क : ९८५११६६७७१

ठेगाना : का.म.पा.-२९, अनामनगर

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.

VACANCY ANNOUNCEMENT

Positions:

1. JR. DATA ANALYST - 1
2. GENERAL SUPPORT EXECUTIVE - 1

To Apply: www.merojob/ndpc

काठमाडौं जिल्ला, का.म.पा. ७, चावहिल बस्ने पासाङ तामाङको नाउँमा काठमाडौं महानगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

उपरोक्त सम्बन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ बस्ने राजेश्वर जोशीले तपाईको विरुद्ध कोठा खोली पाउँ भन्ने सम्बन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८२/०७/२४ गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउदा हालसम्म म्याद रितपूर्वक तामेल हुँन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम कोठामा रहेको सामान हटाउनु नपर्ने कुनै कारण भए पेश गर्नुहुन सूचना प्रकाशित भएको छ । म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ ।

ईति सम्वत् २०८२ साल मंसिर महिना ०९ गते रोज ३ शुभम् ।

घोषणापत्रमा लेख्ने...

पृष्ठ १ बाट क्रमशः

'कम्तीमा घोषणापत्रमा उल्लेख भएका कामहरूको प्रगति विवरण प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने हुँदा दलहरूले समीक्षा गर्छन् र यसले जनताप्रति जवाफदेही बनाउँछ भन्ने मोटिभ हो,' एक आयुक्त भन्छन्, 'निर्वाचनमा के-के प्रतिबद्धता गरेका थिए, सरकारमा जाँदा के-के गरे, संसद्मा बसेर के-के गरे भन्ने हेर्ने हो । घोषणापत्र देखाएर मत मागिसकेपछि निर्वाचित भएकाले जनतालाई पछि त्यसको जानकारी पनि गराउनुपऱ्यो ।'

संसद्मा प्रतिनिधित्व गर्नेले सुशासनका लागि उठाएका आवाजबारे जानकारी गराउन सक्ने ती आयुक्तको भनाइ छ । 'कम्तीमा घोषणापत्रमा उल्लेख कामको प्रगति विवरण प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने भएपछि दलहरू आफैँले समीक्षा गर्नेछन् । यसले जनताप्रति उनीहरूलाई जवाफदेही बनाउँछ,' एक आयुक्त भन्छन् । उनका अनुसार चुनावमा गरेका प्रतिबद्धता सरकारमा गएपछि के गरे, संसद्मा बसेर के योगदान दिए, यी सबैको जानकारी जनतालाई दिनुपर्ने आवश्यकताले यो व्यवस्था प्रस्ताव गरिएको हो । आयोगले राजनीतिक दलसम्बन्धी ऐनको दफा २० (२) (ढ) मा उल्लेखित 'आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने' व्यवस्थामा आधारित रहेर आचारसंहितामा नयाँ प्रावधान प्रस्ताव गरेको हो ।

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार यो प्रावधान चुनावी वाचा कति पूरा भयो-कति भएन भन्ने स्पष्ट पार्ने अभिप्रायले प्रस्ताव गरिएको हो । 'हाल मस्यौदा राय-सल्लाहको चरणमा छ । दल र सरोकारवालासँग सल्लाह गरेर मात्र अन्तिम रूप दिनेछौँ,' उनले भने, 'निर्धारित समयभित्र चिट्ठी पठाएर राय-सुझाव माग्दा दलहरूबाट सुझाव आएको छैन ।'

आचारसंहिताको मस्यौदामा दलहरूले दिएनन् सुझाव

संघ-संस्थाका सुझाव समेटेर अन्तिम रूप दिँदै निर्वाचन आयोग

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि तयार आचारसंहिताको मस्यौदामा राजनीतिक दलहरूले कुनै सुझाव नदिएपछि निर्वाचन आयोगले संघसंस्थाबाट प्राप्त प्रतिक्रिया समेटेर अन्तिम रूप दिन थालेको छ । मस्यौदा सबै दललाई पठाएर आयोगले सुझाव मागे पनि दलहरूले कुनै लिखित प्रतिक्रिया नदिएर मौन सहमति जनाएका छन् । आयोगका कानुन तथा राजनीतिक महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले दलहरूबाट कुनै रिजर्भेसन नआएपछि आयोगले अन्तिम रूप दिने तयारी गरेको बताए । उनका अनुसार विभिन्न संघसंस्थाले पठाएका सुझावको अध्ययन भइरहेको छ र आयोगको निर्णयपछि मात्र आचारसंहिता अन्तिम हुनेछ ।

'दलहरूबाट प्रतिक्रिया नआए पनि संघसंस्थाबाट सुझाव आएका छन् । ती सुझावको अध्ययन गरेर अन्तिम रूप दिनेछौँ । आयोगले निर्णय गरेपछि अन्तिम बन्छ,' भट्टराईले नयाँ पत्रिकासँग भने । ०७९ को निर्वाचनमा दुई महिनाअघि आचारसंहिता लागू गरिएको थियो ।

निर्वाचन आयोग ऐनको दफा २२ अनुसार आयोगले तयार पारेको आचारसंहिता संघ, प्रदेश, स्थानीय सरकारका पदाधिकारी, कर्मचारी, संवैधानिक निकायका पदाधिकारी, सरकारी, गैरसरकारी संस्था, संस्थानका कर्मचारी, सुरक्षाकर्मी, दल र भ्रातृ संगठन, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेका व्यक्ति, पर्यवेक्षक, सञ्चारकर्मी, विद्यालयका शिक्षक र कर्मचारी, मतदाता, बैंक तथा वित्तीय संस्था, व्यापारिक क्षेत्र, सेवाप्रदायक संस्थाका पदाधिकारी र कर्मचारीलाई लाग्ने भनिएको छ । यो हेर्ने केन्द्रदेखि जिल्लासम्म अनुगमन समिति हुनेछन् ।

'ओलीकै लिखित...

पृष्ठ १ बाट क्रमशः

देशमा शान्ति-स्थायित्व कायम गर्न तथा 'विषम र असाधारण परिस्थिति' सम्बोधन गर्न राजनीतिक दल, युवापुस्ताको आकांक्षा र सरोकारवालासँगको परामर्शका आधारमा राष्ट्रपति पौडेलले संविधानको पालना र राष्ट्रिय एकता प्रवर्द्धन गर्न संवैधानिक अधिकार प्रयोग गरेको उल्लेख छ ।

यसका साथै तत्कालीन प्रधानमन्त्री ओलीले 'उपयुक्त निकास आवश्यक रहेको' भन्दै राष्ट्रपति कार्यालयमा पठाएको लिखित सिफारिस र सहमतिको आधारमा ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गराउने उद्देश्यसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको जवाफमा उल्लेख छ । राष्ट्रपति कार्यालयले त्यस्तो कदम संविधानको मर्मअनुसार र असहज परिस्थितिमा बाध्यतावश गर्नुपर्ने निर्णय भएको दाबी गरेको छ ।

जेन-जी आन्दोलनपछि राजीनामा दिएर नेपाली सेनाको ब्यारेकमा बसेको अवस्थामा ओलीले नयाँ सरकार गठनका लागि राष्ट्रपति कार्यालयलाई पत्राचार गरेका थिए । सोही आधारमा राष्ट्रपति पौडेलले जेन-जी अगुवा तथा राजनीतिक दलहरूसँगको परामर्शमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरेका थिए । तर, त्यस्तो सरकारलाई संविधानले नचिनेको भन्दै सर्वोच्चमा हालसम्म १७ वटा रिट परिसकेका छन् ।

राष्ट्रपति कार्यालयले भने संवैधानिक मर्मअनुसार नै नयाँ सरकार गठन र प्रतिनिधिसभा विघटन गरिएको उल्लेख गरेको छ । विषम तथा असाधारण अवस्थामा तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न संवैधानिक मर्मभित्रैबाट गरेको काम भएकाले कानुनसम्मत भएको राष्ट्रपति कार्यालयको जिकिर छ ।

असामान्य परिस्थितिमा बाध्यतावश गरिनुपर्ने कार्यलाई आवश्यकताले संरक्षण गर्ने विश्वास राष्ट्रपति कार्यालयको छ । राष्ट्रपति कार्यालयले असाधारण परिस्थितिका कारण संविधानका अन्य प्रावधान 'क्रियाशील हुन नसक्ने' अवस्थाले बाध्य बनाएको तर्क गर्दै प्रतिनिधिसभा विघटन र त्यसपछि गरिएको सरकार गठन दुवै कानुनसम्मत रहेको दाबी गरेको छ ।

प्रतिनिधिसभा विघटन र सरकार गठनविरुद्ध परेका १६ रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले गत १२ कात्तिकमा सबै पक्षसँग लिखित जवाफ माग गरेको थियो । राष्ट्रपति कार्यालयलगायत धेरै निकायबाट जवाफ आइसकेको, तर प्रधानमन्त्री कार्यालयबाट जवाफ आउन बाँकी रहेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए । 'प्रधानमन्त्री कार्यालयमा पनि म्याद तामेली भइसकेको छ, जवाफ आइसकेको छैन, सबै निकायबाट जवाफ आएपछि यससम्बन्धी मुद्दामा सुनुवाइ अघि बढ्छ,' उनले भने ।

विषम तथा असाधारण परिस्थितिलाई सामान्यीकरण गर्न प्रतिनिधिसभा विघटन गरेर निर्वाचन घोषणा गरिएको राष्ट्रपति कार्यालयको जवाफ छ । 'मुलुकमा उत्पन्न विषम र असाधारण परिस्थितिलाई सामान्यीकरण गर्न बाध्यकारी आवश्यकता उत्पन्न भएको अवस्थामा निवेदनमा लिएको मागदाबी खारेजभागी छ,' जवाफमा छ ।

त्यस्तै, पूर्वन्यायाधीश अनिल सिन्हालाई संविधानविपरीत मन्त्री नियुक्त गरिएको सन्दर्भमा परेको मागदाबीमा राष्ट्रपति कार्यालयले विषम तथा असाधारण परिस्थितिमा राष्ट्रिय एकताको प्रवर्द्धन गर्न, संविधानको पालना र संरक्षण गर्न राष्ट्राध्यक्षको हैसियतबाट संविधानको मूल मर्म र भावनाअनुसार सम्पादन गरिएको कार्य' भनिएको छ । एमालेले पनि संसद् विघटनविरुद्ध गत १० मंसिरमा छुट्टै रिट दर्ता गरिसकेको छ । जसमा १७ मंसिरमा प्रारम्भिक सुनुवाइका लागि मिति तोकिएको छ ।

आराम गरिरहेका...

पृष्ठ १ बाट क्रमशः

सरेको केन्द्रीय समिति बैठकअघि सहमति खोज्न सभापति देउवाले शुक्रबार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा इतर समूहका नेता डा. शेखर कोइरालासहितको बैठक राखेका थिए । तर, संस्थापन र महामन्त्रीद्वयले ल्याएको एक अर्को प्रस्तावमा सहमति नभएपछि शनिबार दिउँसो २ बजे पुनः देउवानिवासमा बैठक बस्ने र सहमतिको प्रयास गर्ने नेताहरूबिच समझदारी छ ।

शुक्रबारको अनौपचारिक बैठकमा सहमतिका आधारमा पुसभित्रै महाधिवेशन गर्ने कार्यतालिका ल्याउने वा केन्द्रीय समितिमा बहुमतका आधारमा निर्णय लिनेबारे छलफल भएको थियो । सभापति देउवाले विशेष महाधिवेशनमा जान नहुने स्पष्ट पार्दै सहमतिका आधारमा अघि बढ्ने उपाय खोज्न नेताहरूलाई अनुरोध गरेका थिए । 'विशेष महाधिवेशन नगरौँ । बाँकी के गर्नुपर्छ मिलाऊँ । पार्टी एक भएर चुनावमा जानुको विकल्प छैन,' देउवाले बैठकमा राखेको भनाइ उद्धृत गर्दै सहभागी एक नेताले भने ।

बैठकमा नियमित महाधिवेशन चुनावअघि गर्ने कि पछि भन्नेमा नेताहरूले मिश्रित धारणा राखेका थिए । महामन्त्री थापाले नियमित महाधिवेशनका लागि संस्थापन पक्षले आलटाल गर्दै आएको भन्दै विशेष महाधिवेशन निर्विकल्प रहेको बताएका थिए ।

थापाले नियमित महाधिवेशन पुसभित्र गर्न सकिने आधार कमजोर हुँदै गएको, संस्थापन पक्षले आलटाल गर्दै आएको भन्दै अब विशेष महाधिवेशनमा जानैपर्नेमा जोड दिएका थिए । कार्यतालिका ल्याउने, तर महाधिवेशन नगर्ने मनसायले पार्टीमा संकट थप्ने उनको भनाइ थियो । उनले विशेष महाधिवेशन पक्षधरबारे संस्थापन पक्षका नेताहरूलाई जवाफ दिँदै भने, 'म उहाँहरूको जिम्मा लिन सक्दिनँ । पार्टीले विधानअनुसार निर्णय गरेर जानुपर्छ ।'

देउवानिवास महाराजगन्जमा आयोजित छलफलमा देउवासहित कार्यवाहक सभापति खड्का, नेता डा. कोइराला, उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय थापा र शर्मा, नेताहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, रमेश लेखक र बालकृष्ण खाण सहभागी थिए ।

बैठकमा उपसभापति गुरुङ, महामन्त्री शर्मा, नेता कोइराला र लेखकले पुसका लागि महाधिवेशनको कार्यतालिका ल्याएर सहमति कायम गर्न प्रस्ताव गरेका थिए । पुसभित्र महाधिवेशनको कार्यतालिका आएमा विशेष महाधिवेशनका लागि हस्ताक्षर दर्ता गराएका पक्षलाई सम्झाउन सकिने उनीहरूको भनाइ थियो ।

'पुस मसान्त नियमित महाधिवेशन मिलनविन्दु बन्न सक्छ । सबै नेता साथीहरूले आ-आफ्नोतर्फबाट सकारात्मक भूमिका निर्वाह गरौँ भनेका छौँ । सभापतिज्यूको निवासमा आज (शुक्रबार) भएको अनौपचारिक बैठक केही हदसम्म सकारात्मक दिशामा अघि बढेको छ,' उपसभापति गुरुङले बैठकपछि भनेका छन् ।

नेताहरू निधि र सिटौलाले एक वर्ष केन्द्रीय समितिको म्याद थपेर वैशाखमा नियमित महाधिवेशन गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूको भनाइ थियो, 'निर्वाचन नजिक आइसकेको छ । अहिलेको निर्वाचन सामान्य प्रकारको होइन, क्षतिग्रस्त संविधान र लोकतन्त्रलाई ट्र्याकमा ल्याउनुपर्नेछ । चुनावलाई प्रभाव पर्ने गरी विशेष वा नियमित महाधिवेशन नगरौँ ।'

मंसिर मसान्तपछि कांग्रेसको सात निकायको म्याद सकिँदै छ । कांग्रेसमा वडा, नगर/महानगर, प्रदेश सभा क्षेत्र, संघीय निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रको महाधिवेशन गर्न अब समय नपुग्ने संस्थापन पक्षका नेताहरूको भनाइ छ । महामन्त्री थापाले केन्द्रीय समिति बैठकमा सात तहको नभएर वडा, संघीय निर्वाचन क्षेत्र र केन्द्रको गरी तीन तहको अधिवेशन १९ पुसभित्र गर्ने प्रस्ताव गरेका थिए । तर, संस्थापन पक्षका नेताहरूले भने म्याद सकिएका सबै तहमा अधिवेशन गर्नुपर्ने र नेतृत्व चयन गर्दै केन्द्रको नेतृत्व चयन हुनुपर्नेमा जोड दिँदै आएका छन् । वडा अधिवेशनअघि क्रियाशील सदस्यता टुंग्याउन पनि समय लाग्ने संस्थापन पक्षका नेताहरूको भनाइ छ ।

महामन्त्रीद्वय थापा र शर्माले भने अहिले सात तहको अधिवेशन गर्ने समय नभएकाले तीन तहको अधिवेशन गरेर नेतृत्व परिवर्तनमा जोड दिँदै आएका छन् । संस्थापन पक्षले महाधिवेशन टार्न खोजेको र आसन्न निर्वाचनमा उनीहरूलाई फाइदा पुग्ने गरी टिकट वितरण गर्ने मनसाय राखेको इतर समूहको आरोप छ । संस्थापन पक्षले भने अपमानजनक रूपमा नेतृत्वबाट देउवालाई हटाएर पार्टी कब्जा गर्ने प्रयास भएको आरोप लगाउँदै आएको छ । दुई पक्षको नेतृत्व तहको मतभेदका कारण केन्द्रीय समितिको बैठक हुन सकेको छैन ।

सभापति देउवाले बिहीबार पनि आफूनिकट १७ जना नेता तथा महामन्त्रीद्वय थापा र शर्मासँग छलफल गरेका थिए । संस्थापन पक्षमा पनि पुसभित्र महाधिवेशनको कार्यतालिका ल्याएर पार्टीमा सहमति र एकताको सन्देश दिनुपर्नेमा नेताहरूले जोड दिँदै आएका छन् ।

२९ केन्द्रीय सदस्यको जोड : छिटो निर्णय होस्

पुस मसान्तभित्र नियमित महाधिवेशनका लागि दबाब दिँदै आएका संस्थापन पक्षनिकट २९ केन्द्रीय सदस्यले पार्टीलाई अनिर्णयको बन्दी नबनाउन पुनः आग्रह गरेका छन् । उनीहरूको शुक्रबार बसेको बैठकले तत्कालै निर्णयमा पुग्न नेतृत्वसँग आह्वान गरेका छन् । २८ जना नेताहरूको बैठक बस्दै आएकोमा शुक्रबार उमा रेग्मी अधिकारी थपिएको नेता उदयशमशेर राणाले बताए । 'विवाद छिटो अन्त्य गरेर महाधिवेशनबारे पार्टीले निर्णय गर्नुपऱ्यो । अहिलेको गतिविधिले जनतामा नकारात्मक सन्देश गएको छ, यसले हामीलाई फाइदा हुँदैन भनेका छौँ,' नेता राणाले भने ।

त्रिवि मैदानभित्र...

पृष्ठ १ बाट क्रमशः

दैनिकी बदलिदिएको महसुस गरिरहेका छन् । देश-विदेशका खेलाडीले राजधानीका होटेल पनि भरिएकै छन् ।

प्युठानका धीरज केसीले जेन-जी आन्दोलनले होटेलको रोजगारी गुमाएका थिए । विदेश जाने तयारीमा थिए । तर, कीर्तिपुरमा एक महिनासम्म खेल चल्ने सुनेपछि उनी त्यहींबाट कमाइ गर्ने योजनामा लागे । उनी भन्छन्, 'दैनिक पाँचदेखि दश हजारसम्म आम्दानी भएकै छ । भाडा तिर्नुपरेको छैन । अब क्रिकेटपछि पनि अन्य ठाउँमा यही व्यवसाय सुरु गर्ने उनको योजना छ ।'

धीरजजस्तै रोजगारी गुमाएका हातहरू अहिले फस्टाउँदै छन् । उनको खाजा पसलको वरिपरि बदाम, जुस, चटपट, चाउचाउ बेच्ने अन्य थुप्रै युवा छन् । कविता कार्कीको जुस-फलफूल पसल पनि चलेकै छ । शिला रावलको चटपट पनि बिकेकै छ । दिनको १५ सयदेखि दश हजारसम्म आम्दानी हुने गरेको उनीहरू सुनाउँछन् ।

गोरखाबाट सुन्तला बोकेर आएका विनोद मुडभरीले दर्शकको भिडभाडमा आफ्नो व्यापार चम्काइरहेका छन् । 'दर्शकलाई सहज छ, हामीलाई पनि व्यापार छ,' उनी भन्छन्, 'व्यापार राम्रो छ । सेवा दिन पनि पाइयो, आम्दानी पनि भयो ।'

आगोले डेढ करोडको व्यवसाय नष्ट भएपछि तनावमै रहेका उनले एनपिएललाई जीवन फिर्ता फर्काउने मौका मानेका छन् । उनी चौरमा दर्शकलाई मिठा परिकार खुवाउँछन् । उनले चिकेन र भेज खानाका परिकार राखेका छन् । 'के गर्ने ? छोराछोरी पढाउनुपर्छ । विकल्प खोज्दै जाँदा यहाँ आइपुगेँ । अहिले व्यापार फस्टाइरहेको छ,' उनले भने ।

एनपिएल हेर्न हरेक दिन करिब १५ हजार दर्शक रंगशाला पुग्छन् । अझ दुईवटा खेल भएको दिन दर्शकको घुइँचो लाग्छ । उनीहरूले फुटपाथमा राखिएर खुद्रा पसलमा खानेकुरा किन्छन् । यसो गर्दा साना व्यापारीलाई पनि आम्दानी हुने गरेको हो । पानी, चाउचाउ, बिस्कुट, स्याउ, सुन्तला बेच्नले पनि यहाँ राम्रै आम्दानी गरिरहेका छन् ।

बल्खुमा छ चहलपहल

एनपिएलले बल्खु बजारलाई निकै चलायमान बनाएको छ । खेल हेरेर फर्कने दर्शकको घुइँचो त्यहाँ पसल-होटेलहरूमा देखिन्छ । यसले व्यवसायी उत्साही छन् । 'खेल सुरु भएपछि अन्य समयमा भन्दा व्यापार बढेको छ । पहिले २० जना आउने गरेकामा अहिले ७०-८० जना आउँछन् । अधिकांश क्रिकेट हेरेर फर्कनेहरू यहाँ आउँछन्,' बल्खुस्थित मुख्य सडकछेउमा खाजा पसल चलाएका उत्तम कार्कीले भने, 'अझ कहिलेकाहीँ त थेगिनसक्नु ग्राहक आउँछन् ।'

बल्खुमै फलफूल तथा जुस पसल सञ्चालन गर्दै आइरहेका रामप्रताव ठाकुरले पनि खेल सुरु भएपछि जुस र फलफूलको बिक्री बढेको बताए । त्यस्तै, जर्सी, टोपी र झन्डालगायतको पसल थालेका बल्खुका किसन बस्नेत पनि अहिले खुसी छन् । उनले पनि पहिलेको तुलनामा व्यापार बढेको सुनाए । 'मैले एनपिएलमै चाहिने सामान राखेको छु । राम्रै व्यापार भइरहेको छ,' उनले भने ।

तर, कीर्तिपुरको पुरानो बजार भने शान्त छ । रंगशालाबाहिरै पसल लागेकाले दर्शकहरू बजारमै नआएको व्यापारीहरूको गुनासो छ । होटेल व्यवसायी रमेशसिंह बोहरा भन्छन्, 'यहाँ एनपिएलको खासै प्रभाव परेको छैन । रंगशालानजिकै खुला पसल र खानेकुरा राख्दा खास बजार सुनसान छ ।'

नयाँ बजारकै अर्को होटेल व्यवसायी पुरन केसीले पनि खासै व्यापार नभएको सुनाए । 'जति व्यापार हुन्छ भन्ने सोचका थियौँ, त्यस्तो भएको छैन,' उनले भने, 'क्रिकेट रंगशालाबाहिर जथाभावी राखिएका पसलका कारण बजार क्षेत्र सुनसान भएको हो ।'

यद्यपि, नयाँ बजारमै खाजा र खाना पसल चलाइरहेकी सीता कार्कीले भने क्रिकेट सुरु भएपछि व्यापार बढेको सुनाइन् । 'खेल हेर्न आएकाहरू यहाँ खाना खान आउँछन्, रंगशालामा काम गर्नेहरू पनि यहीँ खाना खान आएका छन्, यसले सहज पनि भएको छ,' उनले सुनाइन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १३ मंसिर ०८२
nayapatrikaofficial @naya_patrika

जसले संसारभरिका दुई लाख मानिसको दृष्टि फर्काए

चार दशकदेखि आँखा उपचारमा संलग्न डा. सन्दुक रुइतसँग उपचार गराउन र सिक्न अफ्रिकादेखि अमेरिकासम्मका मानिस आउँछन्

स्वास्थ्य



• शिवहरि घिमिरे







ताप्लेजुङको फुङलिङमा बिरामीका साथमा डा. रुइत

नेत्रज्योति क्षेत्रमा ४० वर्ष बिताएका वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइतलाई गएको साता एउटा गज्जबको संयोग जुऱ्यो। जुन जिल्लामा जन्मिएर उनले ४० वर्षअघि आँखा स्वास्थ्य क्षेत्रमा काम थालेका थिए, त्यसको ठ्याक्कै ४० वर्ष पुगेको महिनामा उनी सोही जिल्लामा पुगेर ८० जनाको आँखाको शल्यक्रिया गरे। ढल्कँदो उमेरका बिच उनले बिहान नौ बजेदेखि दिउँसो तीन बजेसम्म लगातार शल्यक्रिया कक्षमा हात नकमाई कैँची चलाए। उमेरले ७२ वर्ष पुगेका उनको हातमा कति पनि वृद्धपन छैन। अझै थुप्रैलाई नयाँ जीवन दिन तम्तयार छन् उनका हात र आँखा।

आफ्नो जन्म जिल्लासमेत रहेको ताप्लेजुङमा गत आइतबारदेखि सुरु भएको तीनदिने मोतीविन्दुको शल्यक्रिया शिविरमा थुप्रैको ज्योति फर्काएपछि उनले आफू तन्नेरी हुँदा थालेको पेसामा चार दशक बिताएका पलको समीक्षा पनि गरे। कहाँ-कहाँ पुगेर सेवा दिएछु ? कतिलाई सेवा दिएछु ? जन्म जिल्लामा के योगदान दिएँ, भन्नेबारेमा उनी निकैबेर घोत्लिए। ताप्लेजुङको सदरमुकाम फुङलिङस्थित एक होटेलको बाहिर बसेर उनीसँग भलाकुसारी गर्दा उनी आफ्नो आँखा स्वास्थ्य क्षेत्रको यात्रा सम्झँदै घरी भावुक बने घरी उत्साहित। 'मैले सन् १९८५ मा आँखाको उपचार थालेको रहेछु, अहिले चलिरहेको सन् २०२५ नोभेम्बरमा ठ्याक्कै ४० वर्ष पुगेछ, यो समयमा म आफ्नै जिल्लामा पुगेर थुप्रैको आँखाको शल्यक्रिया गर्न पाएँ, त्योभन्दा आनन्द मलाई अरू के हुनु,' उनले सुनाए, 'आज भन्दा ४० वर्ष पहिले मैले यही महिनामा आँखा नेपाल आँखा अस्पतालबाट नेपालमा आँखा क्षेत्रमा काम थालेको थिएँ, मैले काम थाल्दा आँखा उपचार सेवा त थियो, तर निकै कमजोर थियो, त्यतिवेला उपचार र जनशक्तिको कमी थियो। चिकित्सकीय विशेषज्ञता कम थियो। आँखाको लेन्स, पर्दा, जलविन्दु, मोतीविन्दुलगायतको विशेषज्ञ उत्पादन भएको थिएन, उपकरणहरू पनि थिएनन्। आँखाबारे पढ्न विदेश जानुपर्ने अवस्था थियो, तर अहिले त यही पढाइ हुन्छ, नेपालमा आँखाको खोज अनवेषण समेत हुन्छ।'

४० वर्षको उपचारको अवधि सम्झँदा उनी आफैं दंग पर्छन्। १५ वर्षअघिको कुरा हो। डा. रुइत इन्डोनेसियाको मेडानमा आँखा शिविरको सिलसिलामा पुगेका थिए। सोही क्रममा एकजना बिरामीले बोलेको कुरा उनलाई अझै सम्झना छ। त्यतिवेला डा. रुइतले त्यहाँ दर्जनौं बिरामीको शल्यक्रिया गरेका थिए। अघिल्लो दिन शल्यक्रियापछि भोलिपल्ट आँखाको पट्टी खोल्न बिरामीलाई बोलाइयो। त्यही क्रममा डा. रुइतले एकजना बिरामीको पट्टी खोलिदिए। ती महिलाको दुईवटै आँखा बन्द भइसकेको थियो। तर, रुइतले ती महिलाको आँखाको ज्योति फर्काइदिएपछि जुरुक्क उठेर चिच्याउँदै भनेकी थिइन्, 'मेरो नजिक उ त्याँ कोहि भगवान् हुनुहुन्छ।' ती महिला चिच्याएर डा. रुइतलाई भगवान भनिरहेका बेला त्यहाँ उपस्थित अन्य मानिसहरूले पनि रुइतलाई नियालीरहेका थिए। डा.रुइत सम्झिन्छन्, 'हातले मलाई देखाउँदै उनले बोलेको र चिच्याएको क्षण अझै पनि ताजै छ, वरपरका मानिसहरू अचम्मित भएका थिए, त्यो क्षण संसारका मिडियाको समाचार पनि बन्यो।' एउटै क्षेत्रमा लामो समय काम गर्दा उनी अझै थाकेका भने छैनन्। आफूले सक्रिय रुपमा आँखा स्वास्थ्यमा काम सुरु गरेको ४० वर्ष भएपनि उनी यो पेशाबाट रिटायर्ड हुने सोचमा पनि छैनन्। आफूले जहिलेसम्म सकिन्छ त्यहिलेसम्म विरामी उपचारमै खट्ने उनको सोच छ।

■ दुई लाखको शल्यक्रिया

डा. रुइतले ४० वर्षका कति बिरामीको आँखा जाँच गरे ठ्याक्कै याद छैन। तर, शल्यक्रिया गरेका संख्या भने उनलाई आकलन छ। देश-विदेशमा पुगेर उनले ४० वर्षको अवधिमा दुई लाखको आँखाको शल्यक्रिया गरे। त्यसमध्ये करिब एक लाख ८० हजार नेपाली र २० हजार विभिन्न देशका नागरिक छन्। उनले नेपालबाहेक अन्य ३० भन्दा बढी देशमा पुगेर सयौंको आँखाको ज्योति फर्काइदिएका छन्। उनले नेपालमा ७७ वटै जिल्लामा पुगेर विरामीको उपचार गरेका छन्। अझै पनि उनी नेपालमा दुर्गम तथा ग्रामिण भेगमा पुगेर आँखाको ज्योति फर्काउने सक्रिय छन्। '४० वर्षको अवधिमा मैले करिब दुई लाख बिरामीको शल्यक्रिया गरैं, त्यसमा एक लाख ८० हजारजति नेपाली बिरामी हुनुहुन्छ भने अन्य विदेशका विभिन्न देशका बिरामी हुनुहुन्छ। कतिपयलाई मैले उहाँहरूको देशमै पुगेर उपचार गरैं, कतिपय मलाई खोज्दै यही उपचार गर्न आउनुभयो। अहिले पनि थुप्रै विदेशीहरू मसँग शल्यक्रिया गराउन आउनुहुन्छ, यो त मप्रतिको भरोसा र विश्वास भन्ने लाग्छ,' डा. रुइतले सुनाए, 'उनीहरूको ज्योति फर्काउन पाउँदा म आफैं उज्यालो महसुस गरिरहेको छु, अझै पनि अन्धोपनाले संसारमा देख्न नपाएकाहरू थुप्रै हुनुहुन्छ, उहाँहरूको ज्याति फर्काउने इन्छा छ।'

डा. रुइतले आँखा स्वास्थ्यमा काम थाल्दा निकै कठिन अवस्था थियो। त्यतिवेला नेपालमा मोतीविन्दुको शल्यक्रिया सहज थिएन। शल्यक्रिया गरे पनि बिरामीलाई मोटो चस्मा दिनुपर्थ्यो। नानीमा राख्न मिल्ने लेन्स थिएन। यो समस्यालाई हटाउन डा. रुइतले जागिरको पहिलो दशक यसैमा अनुसन्धान गरे। उनी भन्छन्, 'अनुसन्धान गर्दा त्यही मोटो चस्मालाई मोडिफाई गरेर सानो लेन्स बनाउने र क्याट्र्याक सर्जरी गर्न सफल भयौं।' उनका अनुसार उक्त लेन्स आविष्कार गरेपछि नेपालको आई केयर उपचार संसारमै परिचित भयो।

डा. रुइतको बुझाइमा नेपालले आँखा स्वास्थ्यमा छोटो समयमा नै राम्रो उपलब्धि हासिल गरेको छ। त्यसमा सबै निकायको उत्तिकै भूमिका थियो। 'आँखाको स्वास्थ्य क्षेत्रमा हामीले राम्रै प्रगति गरेका छौं, यसमा म र हाम्रो मात्रै संस्थाले गरेको होइन, अन्य थुप्रै संघ-संस्था जोडिएका छन्, अहिलेसम्म तथ्यांककै हिसाबमा सन् १९८०/०८१ मा नेपालमा आँखाको राष्ट्रिय सर्वेक्षण गरिएको थियो, जसमा ०.८ प्रतिशत जनसंख्यामा अन्धोपन रहेको थियो, त्यसपछि सन् २०११ मा आएर त्यो आँकडा घटेर ०.५ प्रतिशत हुँदै अहिले त्यसभन्दा पनि कम भएको छ,' डा. रुइत भन्छन्, 'आँखा स्वास्थ्य र पूर्वाधारको हिसाबले पनि नेपालमा निकै राम्रो काम भएको छ। कुनै समय आँखाको डाक्टर पाउन कठिन थियो। अहिले आँखाका विशेषज्ञ डाक्टरहरू ५४० जना हुनुहुन्छ। सन् १९८०/०८१ मा जम्मा १४-१५ जना मात्रै हुनुहुन्थ्यो।' उनका अनुसार हाल नेत्र सहायक (अप्थाल्मो एसिस्टेन्स) तीन हजार र अप्टोमेटिस्ट जनशक्ति करिब दुई हजार छन्। यो संख्या बिरामीको अनुपातमा पुग्दो हो।

■ नेपालमा उपचार गर्न अमेरिकादेखि जर्मनीसम्मका बिरामी

डा. रुइतले नेपालमा आँखा स्वास्थ्यको इतिहास कस्तो थियो भन्नेमा हालैको घटना सुनाए। 'केही दिनअघि काठमाडौंबाहिर रामलाल गोल्छा आँखा अस्पताल स्थापना भयो। त्यो अस्पतालका सदस्यले मलाई भन्नुभएको थियो, आजभन्दा १५ वर्षअघि रामलाल गोल्छालाई मोतियाबिन्दु हुँदा अप्रेसन गर्न कलकत्ता जानुभएको रहेछ। त्यहाँबाट उपचार गरेर फर्किएर आउँदा उहाँले सोच्नुभएछ, हामीकहाँ किन मोतीविन्दुको उपचार छैन भनेर,' डा. रुइतले सुनाए, 'त्यसपछि उहाँले अस्पताल खोल्नुभयो। अहिले नेपालमा राम्रो आँखा स्वास्थ्य छ। विदेशबाट नेपालमा उपचार गर्न आउँछन्।' उनका अनुसार सन् २०१२ तिर नेपालबाट आँखा उपचार गर्न विदेश जानुपर्थ्यो, तर अहिले आँखा उपचार गर्न विदेशबाट बिरामी आउँछन्। 'आँखा स्वास्थ्यमा योभन्दा राम्रो अर्को उपलब्धि के हुन सक्छ ?' उनले थपे, 'उपत्यकाबाहिरका आँखा अस्पतालमा भारतीय बिरामी पनि धेरै आउँछन्।' हाल नेपालमा विकसित देशका बिरामी उपचार गर्न आउने डा. रुइतले सुनाए। अझ संसारभरबाट तालिमका लागि आँखाका चिकित्सक नेपाल आउने भएकाले हाल नेपाल आँखा उपचार र तालिम 'हब' नै बनेको छ। नेपालमा आँखा उपचार गराउन अमेरिका, फ्रान्स, जर्मनी, अस्ट्रेलिया, इन्डोनेसिया, नेदरल्यान्ड, साउदी अरब, कुवेत, भारत, पाकिस्तान, अफगानिस्तान, घानालगायत देशसम्मका बिरामी आउने गरेका छन्। त्यस्तै नेपालमा आँखा उपचारको तालिम लिन पनि थुप्रै देशका चिकित्सक आउँछन्। पछिल्ला वर्षमा कम्बोडिया, घाना, बंगलादेश, लाओस्, इन्डोनेसिया, भुटान, साउदी अरब, पाकिस्तान, भारतलगायत देशबाट चिकित्सक तालिमका लागि आउने गरेका छन्। विदेशबाट बिरामी र चिकित्सक आउने क्रम बढेकाले आँखा स्वास्थ्यलाई सरकारले ध्यान दिने हो भने नेपालले मेडिकल टुरिजममा पनि फड्को मार्न सक्ने डा. रुइतको भनाइ छ। उनका अनुसार पछिल्ला वर्षमा नेपाल आँखा उपचार, अध्ययन अनुसन्धान र तालिमका लागि 'हब' नै बनेको छ।

> डा. रुइतलाई ४० वर्षमा कति बिरामीको आँखा जाँच गरे ठ्याक्कै याद छैन। तर, शल्यक्रिया गरेको संख्या भने उनलाई आकलन छ। देश-विदेशमा पुगेर उनले अहिलेसम्म दुई लाख मानिसको आँखाको शल्यक्रिया गरे। त्यसमध्ये डेढ लाख नेपाली र बाँकी विदेशका नागरिक छन्।

■ अझै अपुग छ जनशक्ति

नेपालमा आँखा स्वास्थ्यमा उपलब्धि भए पनि अझै चिन्ता गर्नुपर्ने कारण रहेको डा. रुइतको बुझाइ छ। उनका अनुसार आँखा स्वास्थ्यमा नेपालले जति उपलब्धि हासिल गरे पनि अझै जनशक्ति चाहिन्छ। अहिले पनि कतिपय ठुल्ठुला अस्पतालमा आँखा चिकित्सकको माग भइरहेको छ। कतिपयमा आँखाको वार्ड तथा विभाग व्यवस्थित बन्न सकेको छैन। 'आँखा स्वास्थ्यले नेपाललाई मेडिकल टुरिजममा पनि योगदान गराउन सक्छ। यहाँ तालिम लिन आउने वातावरण पनि बनिसकेको छ,' डा. रुइत सुनाउँछन्, 'हामीले आँखा क्षेत्रमा अलि बढी काम गरेको सन् १९९४ देखि हो। तिलगंगाले विशेषतः आँखाको उपचारलाई कसरी दिगो बनाउने र नानीको दानमा कसरी आत्मनिर्भर बन्ने, मोतीविन्दुको उपचार र लेन्समा कसरी आत्मनिर्भर बन्ने भन्ने कुरामा थुप्रै काम गर्‍यौं, जसले सफलता पनि दिलायो।'

हाल नेपालमा सबैजसो संघीय अस्पतालमा आँखा विभाग राखिएको छ। त्यस्तै आँखा क्षेत्रमा काम गर्ने अग्रणी संस्था 'नेपाल नेत्र ज्योति संघ' छ। तर, अन्य संघीय अस्पताल र नेत्रज्योति संघ हुँदाहुँदै पनि आँखाका बिरामीको बढी भार तिलगंगालाई नै परेको छ। हाल तिलगंगाले वार्षिक आठ लाख ९० हजार भन्दा बिरामीलाई सेवा दिने गरेको छ। त्यसमध्ये करिब ५८ हजारको वार्षिक शल्यक्रिया हुन्छ। गत वर्ष मात्रै तिलगंगामा आठ लाख ९६ हजार ५३३ जना विरामीले सेवा लिएका थिए भने ५८ हजार ५०२ जनाको शल्यक्रिया भएको थियो। यो संख्या अझै बढ्दो रहेको अस्पताललले जनाएको छ। अन्य अस्पतालमा आँखाको भरपर्दो सुविधा नहुँदा बढी बिरामी तिलगंगामै आउने गरेका छन्।

■ रुइतकै पेसा पछ्याउँदै छोराछोरी

आँखा स्वास्थ्यमा अब्बल चिकित्सक डा. रुइत अझै अझै यही क्षेत्रमा तल्लीन छन्। उनी अझै दूरदराजमा पुगेर आँखाको शल्यक्रिया गर्छन्। स्वास्थ्य र उमेरले साथ दिएसम्म आँखा क्षेत्रमा काम गर्ने उनको योजना छ। उनको पेसा पुस्तान्तरण पनि भइसकेको छ। उनका एक छोरा डा. सागर रुइत हाल आँखा क्षेत्रका विशेषज्ञता हासिल गरेर शल्यक्रिया गर्छन्। त्यस्तै, अन्य दुई छोरी पनि यही क्षेत्रसँग सम्बन्धत पढाइमा छन्। 'तिलगंगाकै कुरा गर्दा मपछि डा. रीता गुरुङ हुनुहुन्छ, उहाँपछि अरू डा. हुनुहुन्छ, तिलगंगामा आँखाको उपचार र विरासत हामीले थप बलियो बनाउँदै लैजान्छौं,' उनले सुनाए, 'मैले जहाँ काम गरिररहेको छु त्यहाँ म म्यानेजमेन्टभन्दा पनि उपचारमा बढी केन्द्रित छु, त्यसैले पनि यति धेरैको उपचार सम्भव भएको हो। उनले आफ्नो पेसामा विरासतको निरन्तरता निकै बलियो रहेको सुनाए। 'मलाई चाहिँ यसरी शिविरमा आएर बिरामीसँग बोल्दै उपचार गर्न मन लाग्छ, एकै ठाउँमा नबसी फरक-फरक ठाउँमा अझ दुर्गम ठाउँमा पुगेर उपचार गर्दा खुसी लाग्छ, म अझै पनि गर्वका साथ के भन्न सक्छु भने, मेरा तीनवटै बच्चा नेपालमै बसिररहेका छन्, उनीहरूले नेपालमै बस्ने अठोट गरेका छन्, मेरो ठुलो छोरो आँखाको डाक्टर छ, उसले सर्जरीमा आफूलाई अब्बल बनाइसकेको छ, त्यसपछि मेरी छोरीले मेरो फाउन्डेसन र मेरो क्लिनिक हेर्छिन्,' डा. रुइतले भने, 'कान्छी छोरी पनि आँखा क्षेत्रमै पढ्दै छिन्। त्यसैले उनीहरू पनि आफैं स्वस्फूर्त आँखाकै क्षेत्रमा आएका छन्, मैले उनीहरूलाई करकाप गर्ने वा आउनुपर्छ भनेको होइन।'

रुइत जुन वेला यस क्षेत्रमा विशेषज्ञ बने, त्यतिवेला नेपालमा आँखा स्वास्थ्य निकै नाजुक थियो। उपचार गर्ने जनशक्ति कम थियो। सोही कारण उनी बिदेसिने मनस्थिति त्यागेर नेपालमै बसे। 'सन् १९९७ तिर मनमा कताकता विदेशतिरै बस्ने सोच पनि आएको थियो। तर, श्रीमतीले नेपालमै बस्नुपर्छ भनिन्। मेरो जीवनको राम्रो निर्णय यही हो जस्तो लाग्छ,' उनले सुनाए।

■ अबको सपना

डा. रुइतले नेपाललाई आँखा स्वास्थ्यमा एकेडेमिक ट्रेनिङ हबको रूपमा विकास गर्न खोजेको सुनाए। उनका अनुसार यसबारेमा डब्लुएचओसँग पनि समन्वय भइरहेको छ। 'अबको योजना भनेको तिलगंगालाई विश्वविद्यालयका बनाउने हो, तर तिलगंगालाई विश्वविद्यालय बनाउने विधेयक हाउसमै अलपत्र पऱ्यो। फेरि ताकेता गर्छौं,' उनले सुनाए, 'आँखा उपचारको हब नेपाललाई बनाउन चाहन्छौं।' आँखा क्षेत्रमा काम गर्नका लागि उनले रुइत फाउन्डेसनलाई आधार बनाएका छन्। जसले पछिल्लो समय आँखा शिविरदेखि दूरदराजमा आँखा स्वास्थ्यमा काम गर्दै आइरहेको छ। मोतीविन्दुको उपचार गर्न नसक्ने निम्नवर्गका मानिससम्म उनी पुगिरहेका छन्। केही समयअघि उनी डोल्पामा पुगेर थुप्रैको आँखाको शल्यक्रिया गरेका थिए। 'अझ पनि कुनाकाप्चामा अन्धोपन भएका मानिस बसेका छन्,' उनले सुनाए,'उहाँहरूलाई स्तरीय सेवा दिन सकेका छैनौं, नेपालका थुप्रै ठाउँमा शिविर सञ्चालन गरेरै भए पनि ज्योति फर्काउने रहर छ, अझै थुप्रै गाउँहरूमा अन्धोपना छन्, त्यहाँ पुगेर सेवा गर्ने मेरो इच्छा छ।'

■ आँखाको नानी र लेन्समा आत्मनिर्भर


डा. रुइतका अनुसार नेपालमा पहिले आँखाको नानीको धेरै समस्या थियो। उनी तिलगंगाका काम गर्दा अलिअलि नानी फेर्ने काम गरिन्थ्यो। त्यतिवेला नानी श्रीलंकाबाट ल्याइन्थ्यो। तर, अहिले तिलगंगा आई ब्यांक खोलेर आँखाको नानी र लेन्समा आत्मनिर्भर बनेको छ। हाल नेपालमा वार्षिक रूपमा नेपालमा एक हजार नानी फेरिन्छ। आँखा डोनेसन गरेका कारण अहिले नानी फेर्न समस्या छैन।

उनी जुन वेला यस क्षेत्रमा विशेषज्ञ बने त्यतिवेला नेपालमा आँखा स्वास्थ्य निकै नाजुक थियो। उपचार गर्ने जनशक्ति कम थियो। सोही कारण, उनी बिदेसिने मनस्थिति त्यागेर नेपालमै बसे। 'सन् १९९७ तिर मनमा कताकता विदेशतिरै बस्ने सोच पनि आएको थियो। तर, श्रीमतीले नाइँ फर्किएर नेपालमै बस्नुपर्छ भनिन्। मेरो जीवनको राम्रो निर्णय यही हो जस्तो लाग्छ,' उनले सुनाए, 'नेपालमा बसेर मैले नेपालको स्वास्थ्य क्षेत्रमा केही काम गर्ने मौका पाएको छु।'

■ नेपालमा मोतीविन्दुको अवस्था

डा. रुइतका अनुसार नेपालमा मोतीविन्दुबाट हुने अन्धोपना निकै कम छ। आँखा ठ्याम्मै बन्द भयो भन्ने समस्या न्यून छ। यसको मुख्य कारण नेपालमा चिकित्सकीय जनशक्ति र बिरामीको उपचारमा पहुँच हो। अहिले बिरामीहरू आँखाको समस्या सहेर बस्दैनन्। स्वास्थ्य संस्थामा आउँछन्। 'हामीकहाँ मेडिकल जनशक्ति पनि अब्बल बनिसकेको छ। पछिल्लो समय बिरामीको अवस्था हेर्दा सामान्य समस्या भए पनि अस्पताल आउँछन्,' उनले भने, 'अर्को कुरा नेपालमा आँखाको उपचार सुलभ पनि छ, हाल नेपालमा ०.१ प्रतिशतलाई मोतीविन्दु छ, किनभने मोतीविन्दुलाई हामीले निराकरण गर्न सकिन्न, उमेरसँग आउने समस्या हो।' उनको अनुभवमा मोतीविन्दु भइरहेको बिरामीलाई अन्धोपना हुन नदिन उपचार भने गर्न सकिन्छ। जबसम्म मोतीविन्दुको उपचारका लागि आँखामा राख्ने ड्रप निस्किँदैन, तबसम्म शल्यक्रिया नै विकल्प रहेको डा. रुइतले बताए।

रेलवेको क्लर्कदेखि बलिउडको 'हि-म्यान'सम्म



रेलवेमा क्लर्क हुँदै बलिउडको 'हि-म्यान'को उपाधि पाएका धर्मेन्द्रका जीवनका धेरै पाटा यस्ता छन्, थाहा पाउँदा जोकोही आश्चर्यमा पर्छन् ।

सम्झना



● दिवाकर मैनाली

एकपछि अर्को चर्चित कलाकारलाई गुमाउनुपर्दा बलिउड यतिबेला शोकमा छ । २४ नोभेम्बरका दिन बलिउडका 'हि-म्यान' धर्मेन्द्रले अन्तिम श्वास फेरे । झन्डै नौ दशक सानदार जीवन जिउनु सामान्य विषय होइन । त्यसमा पनि बलिउडका ती सेलिब्रेटी जसको अभिनय र सुन्दरता प्रख्यात थियो । उनको निधनलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल 'एक्स' मा लेखे,'भारतीय सिनेमामा एउटा युगको अन्त्य भएको छ ।'

चर्चित भारतीय अभिनेता अमिताभ बच्चन धर्मेन्द्रलाई गुमाउनुपर्दा निकै भावुक छन् । 'शोले' र 'चुपके चुपके' जस्ता क्लासिकल सिनेमामा सहकार्य गरेका अमिताभले लेखे,'अर्का एक बहादुर दिग्गजले हामीलाई छोडेर गएका छन् । असह्य आवाजसहितको मौनता छाडेर ।' अमिताभ र धर्मेन्द्रले 'शोले' मा अभिनय गरेको 'ए दोस्ती हम नहीं तोडेंगे...' आज पनि उत्तिकै लोकप्रिय छ ।

> धर्मेन्द्रले हेमासँग धर्म र नाम बदलेर विवाह गरेका थिए । किनभने यसअघि धर्मेन्द्र विवाहित थिए । हेमा मालिनीकी आमा जया चक्रवर्ती आफ्नी छोरीलाई धर्मेन्द्रसँग विवाह गराइदिने पक्षमा थिइनन् । हेमा मुस्लिम परिवारकी छोरी थिइन् । धर्मेन्द्रले अर्को विवाह गर्नकै लागि इस्लाम धर्म अंगाले र नाम राखे दिलावर खान ।

रेलवेमा क्लर्क हुँदै बलिउडको 'हि-म्यान' को उपाधि पाएका धर्मेन्द्रका जीवनमा धेरै पाटा यस्ता छन्, जो कोही थाहा पाउँदा आश्चर्यमा पर्छन् । सन् १९६० मा अर्जुन हिंगोरानीद्वारा निर्देशित 'दिल भी तेरा हम भी तेरे' बाट उनले फिल्मी करियर सुरु गरेका थिए । 'इक्किस' चाँडै प्रदर्शनमा आउन लागेको चलचित्रसहित उनले बलिउडमा तीन सयभन्दा धेरै सिनेमा अभिनय गरेका छन् । ६५ वर्ष बलिउडमा बिताएका धर्मेन्द्रले राजनीतिमा पनि हात हाले । उनी एक कार्यकाल भारतीय जनता पार्टीबाट सांसद पनि भए । तर त्यसले उनलाई आकर्षित गर्न सकेन । अभिनेता, निर्माता, निर्देशक, कवि जस्ता छवि बनाएका धर्मेन्द्रको जीवनभर दुई विवाह र दुई धर्म सधैं चर्चामा रह्यो ।

■ हेमा मालिनीसँग बिहे गर्न इस्लाम धर्म अंगाले

बलिउडमा दुई विवाह गर्ने कलाकार धेरै छन् । तर तीमध्ये धर्म सिंह देवल अर्थात् धर्मेन्द्रको बिहे भने निकै चर्चित छ । यसको कारण हो दुवै परिवारका सन्तान बलिउडमा स्थापित हुनु । पञ्जावका धर्मेन्द्रको पहिलो पत्नी प्रकाश कौर हुन् । उनीबाट दुई छोरा र दुई छोरी जन्मे । धर्मेन्द्रका छोरा सनी देवल र बबी देवल आज पनि बलिउडमा क्रियाशील छन् । चार सन्तान हुँदाहुँदै धर्मेन्द्र बलिउडकी 'ड्रिम गर्ल' हेमा मालिनीसँग मोहित हुन पुगे ।

सन् १९७० मा धर्मेन्द्र र हेमा मालिनीबीच पहिलोपटक 'तुम हसीन मै जवा' सिनेमा खेल्ने क्रममा भेट भएको थियो । हेमा मालिनी आफ्नो जमानाकी आकर्षक अभिनेत्री मानिन्छिन् । उनमा सौन्दर्य र अभिनयको अनौठो संगम रहेको भनिन्थ्यो ।

निर्देशक एवं अभिनेता राज कपूरको चलचित्र 'सपनोका सौदागर' बाट हेमाले 'ड्रिम गर्ल'को उपमा पाएकी हुन् । त्यसपछि उनले 'जानी मेरा नाम', 'अन्दाज', 'सीता और गीता' हुँदै 'शोले' चलचित्र खेलिन् । सन् १९७५ मा प्रदर्शनमा आएको राज शिप्पीको 'शोले' मा धर्मेन्द्रले वीरु र हेमा मालिनीले बसन्तीको भूमिका गरेका थिए । जसलाई कालजयी चरित्रका रूपमा लिइन्छ । हेमा र धर्मेन्द्रको अनस्क्रिन जोडी एकदमै रुचाइयो । त्यसपछि दुवैको अफस्क्रिन रोमान्स पनि सँगसँगै चल्यो । कतिसम्म भने 'शोले' को हेमालाई बन्दुक चलाउन सिकाउने दृश्यका लागि धर्मेन्द्रले तीसौंपटक रिटेक लिएका थिए । उनले स्पटब्वायलाई त्यतिबेला दुई हजार भारु दिएको बताइन्छ । हेमाको सुन्दरतामा धर्मेन्द्र यसरी मोहित भएका थिए ।

धर्मेन्द्रले हेमासँग धर्म र नाम बदलेर विवाह गरेका थिए । किनभने यसअघि धर्मेन्द्र विवाहित थिए । हेमा मालिनीकी आमा जया चक्रवर्ती आफ्नी छोरीलाई धर्मेन्द्रसँग विवाह गराइदिने पक्षमा थिइनन् । दुवै आपसमा भेटघाट गरेको पनि उनलाई मन पर्दैनथ्यो । हेमा मुस्लिम परिवारकी छोरी थिइन् । धर्मेन्द्रले अर्को विवाह गर्नकै लागि इस्लाम धर्म अंगाले र नाम राखे दिलावर खान । हेमासँग बिहे गरे पनि धर्मेन्द्रले पहिलो पत्नी प्रकाश कौरलाई छाड्न चाहँदैनथे । सोही कारण उनले हेमासँग पहिलो परिवारबाट अलग नहुने सर्त राखेका थिए, जसलाई हेमाले स्वीकार गरेकी थिइन् । हेमाबाट धर्मेन्द्रका इशा र आहाना गरी दुई छोरी छन् ।

धर्मेन्द्रले हेमा मालिनीसँग विवाह गरे पनि देवल परिवार रुष्ट बनेन । किनभने धर्मेन्द्रले दुवै परिवारलाई बराबर समय दिएका थिए । दुई श्रीमतीबाट जन्मेका ६ वटै सन्तान उनलाई निकै मन पराउँथे । हेमा सिनेमासँगै राजनीतिमा सक्रिय छिन् । उनी अहिले पनि बीजेपीबाट सांसद छिन् । धर्मेन्द्रका छोरा सनी देवल पनि बीजेपीबाटै सांसद छन् । तर देखिने गरी मनमुटाव सुनिएको छैन ।

■ एकै वर्ष सात हिट चलचित्र


धर्मेन्द्रले आफ्नो करियरमा लगभग तीन सय चलचित्रमा अभिनय गरे, तर 'शोले' उनको करियरको सबैभन्दा यादगार चलचित्र बन्यो । जसमा उनले वीरूको भूमिका निर्वाह गरेका थिए । 'शोले' मा 'वीरु' र 'जय' को जोडी सबैभन्दा चर्चित रह्यो । धर्मेन्द्र बलिउडका यस्ता अभिनेता हुन्, जसले एकै वर्ष सात सिनेमा हिट दिए ।

सन् १९७३ धर्मेन्द्रको करियरको सबैभन्दा सफल वर्ष थियो । त्यस वर्ष उनी अभिनित 'लोफर', 'झील के उस पार', 'जुगनू,' 'कीमत', 'ज्वारभाटा', 'यादों की बारात', 'ब्ल्याकमेल' र 'कहानी किस्मत की' रिलिज भए । यी सबै चलचित्र बलिउड फिल्म इतिहासमा सदाबहार मानिन्छन् । यिनै चलचित्रकै कारण हो धर्मेन्द्र बलिउडमा त्यसबेलाका सबैभन्दा सफल अभिनेताका रूपमा चिनिएका । सिनेमामा अभिनयका साथै निर्माणमा समेत हात हालेका उनले छोरा सनी देवललाई बलिउडमा 'बेताब' बाट डेब्यु गराएका थिए । ६ मध्ये उनका सनी देवल, बबी देवल र इशा देवल तीन सन्तान सिनेमा क्षेत्रमा चर्चित रहे । आमा-बाबुसमेत सिनेमा क्षेत्रमै क्रियाशील रहेकाले पनि देवल परिवारलाई बलिउडमा ज्यादै सम्मानका साथ लिने गरिन्छ ।

धिमेसँग रमाउँदै युवापुस्ता

धिमे बजाउने युवा भन्छन्- हाम्रो उद्देश्य उपत्यकाको संस्कृति प्रवर्द्धन गर्ने हो । हामीले नगरे कसले गर्ने ?

संस्कृति



● शान्ति तामाङ

अचेल काठमाडौं उपत्यकामा बस्ने धेरैले धिमेको आवाज सुनेको हुनुपर्छ । धी अर्थात् ढिक्का, मे अर्थात् गीत । धिमे भनेको काठको ढिक्का ठोकेर बजाइने बाजा । पछिल्लो समय नेवाः समुदायमा धिमे बाजा बजाउनेको संख्या बढेको छ । त्यसमध्ये पनि जेन-जी उमेर समूहका युवाको धिमेप्रतिको प्रेम उल्लेख्य देखिन्छ । त्यसैमध्येकी सबी श्रेष्ठ पनि हुन् । सबी कक्षा नौमा पढ्दै छिन् । नौ कक्षा पढ्ने धेरै विद्यार्थीको एउटै उद्देश्य पढाइ नै हुन्छ । तर, सबी अध्ययनसँगै धिमे पनि राम्रो बजाउँछिन् ।

करिब साढे एक वर्षअघिदेखि नै सबीले धिमे बजाउन थालेकी हुन् । नेवाः समुदायको धेरै जात्रापर्वमा प्रयोग हुने यो बाजा सबीले करकापमा होइन, रहरमा बजाउन थालेकी हुन् । 'जात्रा पर्वतिर जाँदा अरूले धिमे बजाएको देखेर नै मलाई पनि इच्छा जागेको थियो । त्यसपछि सिकेर बजाउन थालेको हुँ,' सबीले भनिन्, 'सिकेको साढे एक वर्ष भए पनि धिमे बजाउन धेरै ठाउँमा पुगिसकेको छु । कहिलेकाहीं आधा दिन मात्र पढेर धिमे बजाउन जान्छु ।' परिवारको समेत साथ मिलेपछि उनी अहिले निरन्तर धिमे बाजा बजाउँदै छिन् । 'घरमा ममीले पनि हामीले सिक्न पाएनौं । तिमीले सिक भन्नुहुन्छ । धिमे बजाएर हिँड्दा मलाई गौरव लाग्छ,' उनले भनिन् ।

सबीजस्तै प्रशान्त तामाङले पनि धिमे बाजा बजाएर हिँड्न थालेको दुई वर्ष भइसकेको छ । उनी तामाङ समुदायको भए पनि असनको नेवाः समुदायमा हुर्किएकाले सानैदेखि नेवाः समुदाय र धिमे बाजाप्रति जानकार नै थिए । कक्षा १० पढ्दै गर्दा उनले धिमे बजाउन सिके । '१० कक्षामा पढ्दै गर्दा ट्युसन पढ्ने ठाउँमै समूह बनाएर धिमे बजाउन अभ्यास भइरहेको थियो । दुई-तीन दिनसम्म खासै वास्ता गरिनँ । तर त्यसपछि भने मलाई पनि बाजा बजाउने इच्छा लाग्यो । त्यसपछि सिक्न थालें,' प्रशान्तले भने । कक्षा १२ पढ्ने उनले दुई वर्षअघि गुँला पर्वमा पहिलोपटक धिमे बाजा बजाएका थिए ।



इन्दिरा लाक्षीमस्यु, भक्तपुर



आकृति श्रेष्ठ, काठमाडौं



प्रशान्त तामाङ, काठमाडौं



सन्देश मानन्धर, काठमाडौं

■ सिक्दै सिकाउँदै

सानैदेखि सामाजिक कार्यमा सक्रिय भीमसेनथानका सन्देश मानन्धरले जात्रा पर्वमा धिमे बाजा देखेका थिए । धिमे बजाउनेहरू देखेका थिए । तर, मानन्धर समुदायले धिमे बजाउन हुन्न भन्ने भाष्य निर्माण भएकाले उनले धिमे बजाउने आँट गरेका थिएनन् । तीन वर्षअघि भने उनलाई पनि धिमे बाजा बजाउन मन लाग्यो । त्यसपछि सिकेरै छाडे । 'मेरो ममीबाबा संगीतमा हुनुहुन्थ्यो । घरमा मलाई चाहिनेजति सबै बाजा उपलब्ध थिए । धिमे पनि थियो । तर, बजाउन आउँदैन थियो । धिमेले मेरो उमेर समूहलाई जोडेकोजस्तो लाग्थ्यो । त्यसमा म छुटें भन्ने लागिरहन्थ्यो । त्यसैले म पनि ती समूहमा जोडिन बाजा सिक्न थालें,' उनले भने । धिमे बजाउन सिकेपछि उनले आफू मात्र सिकेनन् । अरूलाई पनि सिकाउन थाले । उनीसँग बिआइटी पहिलो सेमेस्टर पढ्ने आकृति श्रेष्ठलाई पनि जोडे । 'म सधैं यही फिल्डमै पूरा समय रहन्छु भन्ने छैन । त्यसका लागि मेरो ठाउँ लिने अरू मान्छे बनाएको हो । अहिलेसम्म चाहिं मेरो प्रायः सर्कल नै यही क्षेत्रमा छन् । हाम्रो उद्देश्य काठमाडौं उपत्यकाको जति पनि संस्कृति छ, तिनलाई प्रवर्द्धन गर्ने हो । हामीले नगरे कसले गर्ने ?' सन्देशले भने ।

आकृतिले एक वर्षअघि सन्देशबाटै धिमे बाजा बजाउन सिकेकी हुन् । गत वर्षको यःमरि पुन्हिदेखि उनले धिमे बजाउन थालेकी हुन् । 'म नेवाः भए पनि मेरो सर्कल नेवाः थिएन । त्यसैले पहिला मलाई नेवाः संस्कृतिमा खासै रुचि थिएन । बिस्तारै संगीत, बाजागाजातिर रुचि जाग्यो । धिमेको धुनले मुटुमै हानेकोजस्तो भएपछि सिक्नै पऱ्यो भनेर सिक्न थालें ।' धिमे बजाउने क्रममा उनलाई परिवारबाट आफूभन्दा ठुलो धिमे कसरी बजाउँछस् ? भन्ने प्रश्न नआएका होइनन् । तर, उनले धिमे बाजा बजाएरै छाडिन् ।

■ नेपाल चिनाउन सगरमाथा, नेवाः चिनाउन धिमे

सामाजिक र सांस्कृतिक गतिविधिका लागि सुरु गरिएको 'द लोकल्स'का महासचिवसमेत रहेका सन्देश नेपाल चिनाउने

साप्ताहिक राशिफल

१३ मंसिर (शनिबार)
१९ मंसिर (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

वैदेशिक क्षेत्रमा लगानी गरेअनुसार फाइदा नहुने योग रहेको छ । गरिएका कामबाट दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ । चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ । समाजसेवाका कामबाट लाभ हुनेछ । सुख-सुविधा र विलासिताका साथमा समय बित्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

जग्गामा लगानी गर्नेहरूका लागि फाइदा राम्रो हुनेछ । पछिका लागि गरिएको लगानीले फाइदा दिनेछ । आम्दानी रोकिनाले योजना स्थगित हुन सक्छ । सानो कमजोरीले सुनिश्चित प्रतिफलसमेत हात पार्न नसकिएला । ईर्ष्या गर्नेहरूले काममा बाधा पुऱ्याउनेछन् । आफ्नो मिहिनेतको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन्, सजग रहनुहोला । सन्तान पक्षबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । श्रमको पूरा मूल्य प्राप्त नहुने परिस्थिति देखिन्छ । तापनि, मिहिनेतले उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । आंशिक फाइदा हुनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । साताको अन्त्यमा व्यापारमा प्रशस्त फाइदा हुनेछ । काममा मातापिताको सहयोग प्राप्त होला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ । मिहिनेतले राम्रै उपलब्धि दिलाउनेछ । रोकिएका कामसमेत सम्पादन हुनेछन् । कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ । सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ । तर, मिहिनेतको केही प्रतिफल अरूको हातमा पुग्न सक्छ, सजग रहनुहोला । साताको अन्त्यमा मान्यजन र अभिभावक वर्गको सहयोगमा रोकिएका काम बन्नेछन् ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । आँटेका काममा बाधा उत्पन्न हुन सक्छ । पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । स्वास्थ्यमा कमजोरी देखापर्नुका साथै उपचारमा खर्च हुने योग छ । महत्त्वपूर्ण समय घरेलु समस्यामै अल्झिनुपर्ला । हुलमुलमा धनमाल हराउन सक्छ । शरीरमा आलस्य र थकानको अनुभव हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । सोख पूरा हुनुका साथै प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ । सुमधुर प्रेम वा दाम्पत्यले प्रफुल्लित भइनेछ । आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधनप्राप्तिको योग छ । दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

आलस्य गर्ने बानीले समस्या निम्त्याए पनि मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ । सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ । साताको अन्त्यमा व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । काम गर्ने वातावरण अनुकूल बन्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

हतारको निर्णयले काम बिग्रन सक्छ । रोकिएका घरेलु कामकाज बिस्तारै बन्नेछन् । दिगो योजना गोप्य राखेर अघि बढ्नुहोला । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । मिहिनेत गर्दा अध्ययनमा पनि प्रगति हुने समय छ । बोलीको प्रभाव रहनाले काम बन्नेछ । यो समय विशेष महत्त्वको हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा काम बन्न सक्छ । कृषिक्षेत्रमा भने अलि बढी परिश्रम र लगानी गर्नुपर्ला । व्यापार-व्यवसायमा थोरै लाभ भए पनि ठुलो आवश्यकता पूरा हुनेछ । बिहीबारदेखि व्यवसाय वा पेसामा परिवर्तनको धारणा उत्पन्न हुन सक्छ । नयाँ काममा हात हाल्ने समय भएकाले आफ्ना विचारलाई कार्यान्वयन गर्दा राम्रो हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

मिहिनेतले सम्मानित स्थानसमेत दिलाउनेछ । मानसम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने चिताएको कामसमेत सम्पादन हुनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सरकार र राज्यपक्षबाट लाभ प्राप्त हुनेछ । अनावश्यक यात्राबाट जोगिनुहोस् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)


सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बिच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्ये धनआर्जन होला । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । बोलीको कदर हुनेछ ।

स्वास्थ्य



● डा. विवेकप्रभात शाह
वरिष्ठ फिजिसियन
अल्फेड हेल्थ केयर

अहिले मौसम परिवर्तनको समय हो । यतिबेला सतर्कताका उपाय अवलम्बन गर्न जरुरी छ । जाडो सुरु भएसँगै धेरैमा फ्लुको संक्रमण देखिने गरेको छ । यस संक्रमणका कारण टाउको दुख्ने, ज्वरो आउने, खोकी लाग्नेलगायत हुन्छ । कतिपय अवस्थामा यसले निमोनियाजस्ता स्वास्थ्य जटिलता पनि निम्त्याउन सक्छ । त्यसैले ब्याक्टेरियल र भाइरल इन्फेक्सन छुट्याउन अस्पताल जानुपर्छ । ब्याक्टेरियल इन्फेक्सन भएमा लक्षणअनुसार चेकजाँच गरेर औषधि सेवन गर्नुपर्ने हुन्छ । अहिले जाडो बढ्दै गएकाले धेरै मानिस फोक्सो र घाँटीमा हुने इन्फेक्सनको समस्या लिएर आउने गर्छन् । पिनासको समस्या पनि हुन्छ । मुटु, दम, प्रेसर, सुगर, थाइराइडलगायत दीर्घरोगी, वृद्धवृद्धा, गर्भवती र बालबालिकाको रोगप्रतिरोधी क्षमता वयस्कहरूको दाँजोमा कमजोर हुन्छ ।





बाबुराजा ज्यापु, ललितपुर





सवि श्रेष्ठ, काठमाडौं

सगरमाथा भएजस्तै नेवाः समुदायलाई चिनाउने धिमे बाजा भएको बताउँछन् । त्यसैले अरू युवा पुस्ता पनि आफ्नो संस्कृति प्रवर्द्धनमा लाग्नुपर्ने उनी बताउँछन् । आकृतिका अनुसार संस्कृति नै हाम्रो पहिचान भएकाले यसका लागि नेवाः युवा मात्र होइन, अरू युवा पनि संस्कृति प्रवर्द्धनमा लाग्नुपर्छ । 'अहिलेको युवाले परिवर्तन गर्न सक्छ । अहिलेको राजनीतिक अवस्थालाई हेर्ने हो भने पनि भ्रष्टाचार र सुशासनको पक्षमा काम गर्न अन्तरिम सरकार ल्याएको छ । त्यसैले, युवाले संस्कृतिलाई पनि प्रवर्द्धन गर्न सक्छ,' आकृतिले भनिन् । 'पछिल्लो समय कुमा सागर, उजन शाक्य एन्ड इमर्जको क्रेज धेरै बढेको छ । यसले पनि संस्कृतिलाई टेवा पुगेको छ । किनभने, उनीहरूले नेवारी बाजाको धेरै प्रयोग गरेका छन् । संगीतमार्फत नेवारी संस्कृतिलाई प्रवर्द्धन गरेका छन्,' आकृतिले भनिन्, 'म पनि पहिला नेवारी गीत सुन्दिनथें । तर, अहिले उनीहरूलाई सुन्न थालेपछि कन्सर्टमै समेत जान थालेकी छु । उनीहरूकै गीत सुनेपछि बाँसुरी सिक्ने इच्छा जाग्यो । र, सिक्न थालेको छु । धाः बाजा, खिं पनि सिक्न मन छ ।'

प्रशान्तलाई विदेश जाने रहर थियो । तर, अचेल त्यो रहर परिवर्तन भएको छ । उनलाई नेपालमै बसेर संस्कृति प्रवर्द्धनको क्षेत्रमै केही गर्न मन छ । आफूजस्तो युवा पुस्ताले चाहेमा ठुलो परिवर्तन ल्याउन सक्ने हुनाले संस्कृति संरक्षण र संवर्द्धनमा पनि लाग्नुपर्ने उनी बताउँछन् । 'जबसम्म धिमे बजाउन सक्छु, त्यतिवेलासम्म बजाउँछु,' उनले भने, 'बुढापाकाहरूले गर्नुपर्छ मात्र भन्दा रहेछन्, गर्ने होइन रहेछ । यसैले, हामीजस्तो युवाले पहिलेदेखि चलिआएको संस्कृतिलाई नाश हुन दिनु भएन । विश्वव्यापी रूपमा हाम्रो देश सानो भए पनि संस्कृतिमा धनी रहेछ भनेर देखाउन पनि लाग्नुपर्‍यो ।'

सबीको सर्कलमा धिमे बाजा बजाउने कोही छैनन् । उनका साथीहरू बाजा बजाएर के हुन्छ भन्छन् ? तर, उनी हारेकी छैनन् । 'जात्रामा गएर बाजा बजाएर के हुन्छ भन्छन् । तर, जात्रामा आएर बाजा बजाएर साथीसँग रमाइलो गर्नुको छुट्टै मज्जा छ । यसमा सहभागी नभएसम्म बुझ्दैनौ भनेर साथीहरूलाई भनिदिएको छु,' उनले भनिन् । आठदेखि नौ केजीसम्मको धिमे बाजा बजाउँदै गरेका यी तन्नेरी पुस्ताका अनुसार धिमे बाजा बजाउनेको संख्या दिन-प्रतिदिन बढ्दै गएको छ । उनीहरू विदेशमै गए पनि आफ्नो संस्कृतिको बारेमा भन्न सक्ने बन्न अरू युवालाई आग्रह गर्छन् ।

■ पुस्तान्तरण व्यवहारमै लागू भयो

सन्देशले धिमे बजाउन सिक्ने समयमा पनि धिमे खलः (समूह) धेरै थिएनन् । सिक्न आउनु भनेर आग्रह गर्नुपर्थ्यो । 'सकेसम्म धेरैमा यो बाजा, यो संस्कृतिका बारेमा भन्नुपर्छ भन्ने हिसाबले काम गरिरहेको छु,' उनले भने । अभियन्ता गणपतिलाल श्रेष्ठ पछिल्लो समय धिमे बाजा बजाउनेको संख्या बढ्नु गौरवको विषय भएको बताउँछन् । काठमाडौं उपत्यकाको महत्त्वपूर्ण जात्रा इन्द्रजात्राको उदाहरण दिँदै उनले भने, 'पछिल्लो समय इन्द्रजात्रामा मात्र ९६ वटा बाजा खलःले धिमे बाजा बजाउँछन् । ती बाजा खलःलाई रथ तान्ने तीन दिन छुट्टाछुट्ट बोलाउँछौं । यो गौरवको कुरा हो । अहिले देखिएको ती बाजा खलःलाई व्यवस्थापन गर्न सक्यौं भने त्योजस्तो राम्रो केही हुन्न ।'

'काठमाडौंमा मनाइने रथ जात्रा, खट जात्रामा सम्बन्धित गुठी त सहभागी हुन्छन् । त्योबाहेक टोलका अरू समूह लागेपछि जात्रामा फरक उत्साह थपिएको छ । जात्रा, पर्व व्यवस्थापनका लागि युवालाई परिचालन गर्‍यौं । बिस्तारै धिमे बजाउन उनीहरूलाई भन्न थाल्यौं,' धिमे बाजा बजाउनेको संख्या कम भएको वेलाका दिन सम्झँदै उनले भने । उनका अनुसार करिब डेढ दशकअघितिर आफ्नो गुठीबाट धिमे, बाँसुरी अरूतिर सिकाउन हुँदैन । महिलालाई बाजा बजाउन दिनुहुँदैन भन्ने प्रचलन गर्दा धिमे बजाउनेको संख्या कमी थियो । तर, पछिल्लो समय महिला, पुरुष, जुनसुकैले धिमे बाजा बजाउन थालेपछि संख्यामा वृद्धि भएको हो ।

'धिमे बाजामा पुस्तान्तरण र हस्तान्तरणको कुरा व्यवहारमै आयो । अचेल कुनै कार्यक्रम उद्घाटन गर्दा, केही काम सुरु गर्दासमेत धिमे बाजा प्रयोग हुन थालेको छ । बिहेमा पहिले ब्यान्ड बाजा मात्र बजाउँथ्यौं । अहिले टोलटोलमा भएका बाजा खलःलाई बोलाउँछौं । यसले संस्कृति व्यावसायिक पनि भएको छ । आम्दानीको स्रोत पनि भएको छ,' गणपतिलालले भने, 'अब चिरकालसम्म धिमे बाजा संस्कृति अगाडि बढ्छ भन्ने भएको छ । यसका लागि गुठी खलःले पनि आफ्नो सोचाइमा परिवर्तन गर्नुपर्छ । स्थानीय सरकारको पनि उपस्थिति रहिरहनुपर्‍यो ।'

काठमाडौंमा मात्रै होइन, भक्तपुरमा पनि पछिल्लो समय धिमे बाजा बजाउने युवाको संख्यामा वृद्धि भएको छ । विभिन्न विद्यालय, सहकारीले नै धिमे बाजा बजाउन प्रशिक्षण दिन थालेपछि हजारौंको संख्यामा धिमे बजाउन युवा आएको इन्दिरा लाक्षीमस्यु बताउँछिन् । सयौंको संख्यामा बाजा खल छन् । इन्दिरा धिमे बाजा बजाउने नेपालकै पहिलो महिलासमेत हुन् । उनले ५१ सालमा धिमे बजाउन सिक्दा महिलालाई बन्देज थियो । तर, परिवारको समर्थनमा उनले धिमे बजाउन सिकेकी थिइन् । 'पछिल्लो समय धिमे बजाउने धेरै युवापुस्ता छन् । केटाकेटी दुवैले उत्तिकै मात्रा बाजा बजाउँछन्,' इन्दिराले भनिन्, 'कतिपयलाई माहोलले पनि बाजा बजाउनुपर्छ भन्ने लागेको हुनुपर्छ । कतिपय आफ्नो संस्कृति बचाउनुपर्छ भनेर पनि आएका छन् ।' उनका अनुसार अहिलेको पुस्तालाई धिमे बजाइरहने बनाउन विभिन्न क्षेत्रबाट सकारात्मक पहल हुनुपर्छ । 'अहिले आएका नयाँ पुस्ता यही क्षेत्रमा रहेर संस्कृति बचाउने र आम्दानी पनि हुने काम भएमा धिमे बाजाजस्तो हाम्रो संस्कृति कालान्तरसम्म जानेछ,' उनले भनिन् ।

ललितपुरमा पनि धिमे बजाउने युवाको संख्यामा उल्लेख्य वृद्धि भएको पाटनका बाबुराजा ज्यापु बजाउँछन् । ज्यापु समाज यलका अनुसार पाटनको कोर क्षेत्रभित्र मात्र ४० वटा बाजा खल रहेका छन् । ज्यापुबाहेक अरू थुप्रै नेवाः समुदाय र गैरनेवाः समुदायका युवा पुस्ताले धिमे बाजा बजाउन थालेका छन् । करिब २५ वर्षअघि नै धिमे बजाउन सिकेर बजाउन थालको उनी पछिल्लो समय धेरै युवा संस्कृतिप्रतिको जागरुकताले धिमे बजाउन आएको बताउँछन् । 'धेरै युवा पुस्ता संस्कृतिप्रति झुकाव भएरै धिमे बजाउन आएका छन् । त्योबाहेक मोबाइल, ट्यावलगायत ग्याजेटबाट छुटकारा दिन अभिभावकले पनि धिमे बजाउन पठाउँछन् । त्यसपछि धिमेको गोलले नै उनीहरूलाई धिमे बजाइराख्ने बनाउँछ,' उनले भने ।

उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरमा क्रमशः ९६ (इन्द्रजात्रामा सहभागी हुने), ४० (पाटन क्षेत्रमा मात्रै) र ७८ (भक्तपुर नगरपालिकामा मात्रै) धिमे बजाउने सांस्कृतिक समूह सक्रिय छन् । अधिकांशमा युवापुस्ताको सहभागिता बढ्दो छ ।

०००

धिमे बाजामा पुस्तान्तरण र हस्तान्तरणको कुरा व्यवहारमै आयो । अचेल कुनै कार्यक्रम उद्घाटन गर्दा, केही काम सुरु गर्दासमेत धिमे बाजा प्रयोग हुन थालेको छ । बिहेमा पहिले ब्यान्ड बाजा मात्र बजाउँथ्यौं । अहिले टोल-टोलमा भएका बाजा खलःलाई बोलाउँछौं । यसले संस्कृति व्यावसायिक पनि भएको छ ।

मौसम फेरिँदा यी कुरामा ध्यान दिऔं

■ बच्ने उपाय



- मास्क लगाउने, साबुनपानीले हात धुने, खोक्दा रुमाल प्रयोग गर्ने वा हातको बाहुलाले छोपेर खोक्ने गर्नुपर्छ । पिनासको समस्या हुनेहरू धुलोबाट बच्नुपर्छ ।
- कोल्ड डायरिया पनि हुन सक्छ । विशेषगरी, बच्चामा यो समस्या देखिन्छ । जाडो याममा झाडापखाला देखिनुका धेरै कारण हुन सक्छन् । त्यसमध्ये दूषित पानीको प्रयोग मुख्य कारण हो । अर्को कारण रोटा भाइरस पनि हो । यसबाट बच्नका लागि बालबालिकालाई रोटा भाइरसको खोप लगाउनुपर्छ । बालखोप कार्यक्रमअन्तर्गत अहिले नेपाल सरकारले रोटा भाइरसको खोप बालबालिकालाई लगाइदिने गरेको छ ।
- मौसम परिवर्तनको समयमा देखिने अर्को समस्या स्क्रब टाइफसको हो । यो रोग लागेपछि उच्च ज्वरो आउने, शरीरमा रातो-रातो दाना देखिने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या देखिनेलगायत लक्षण देखिन्छन् ।
- जाडोमा जोर्नी दुख्ने समस्या पनि धेरैमा देखिन्छ । यस्तो समस्याबाट बच्न शरीर तथा पैतालालाई न्यानो बनाइराख्नुपर्छ ।
- वयस्कहरूमा प्रतिरोधी क्षमता बढी हुन्छ । त्यही कारण बुढाबुढी र बालबालिकालाई चाँडो समात्ने र फ्लु देखिने हुन्छ, जस्तै- ज्वरो आउने, रुघा लाग्ने, एलर्जी, कोल्ड कफ ।
- जाडोमा छातीसम्बन्धी समस्या देखिन सक्छ । बाइकमा हिँड्नेहरूको छातीमा सीधा असर गर्ने भएकाले चेस्ट गार्ड लगाउन जरुरी हुन्छ । रातको समयमा बालबालिका र वृद्धवृद्धालाई न्यानो हुने गरी राख्नुपर्छ । आवश्यक काम नपरी बाहिर हिँडडुल गर्न हुँदैन । त्यस्तै, हुस्सु लाग्ने र शीत पर्ने मौसममा बिहान सबैरै मर्निङ वाकमा जानु पनि राम्रो हुँदैन । बिहानै हिँड्दा अत्यधिक चिसोले रक्तनली साँघुरिएर मुटुमा रगत पम्प गर्न गाह्रो हुन्छ । यसले मुटुसम्बन्धी समस्या निम्त्याउन सक्छ ।
- चिसोमा धेरै हिँडडुल गर्दा सावधानी अपनाउनुपर्छ । न्यानो कपडा लगाउनुपर्छ । धूम्रपान र मद्यपानबाट टाढा रहनुपर्छ । यसले विभिन्न समस्या निम्त्याउन सक्छ । झोलिलो खानेकुरा तथा सागसब्जी प्रशस्त खानुपर्छ । डिप फ्रिजमा राखिएका मासु तथा अन्य खाद्यान्नको प्रयोग कम गर्नुपर्छ । फ्रेस खानेकुरा खानुपर्छ । दूषित पानीबाट झाडापखालालगायत संक्रमण फैलने भएकाले उमालेको वा स्वच्छ पानी मात्रै पिउनुपर्छ ।
- निरन्तर ज्वरो आएमा, सास फेर्न गाह्रो भएमा अर्थात् अक्सिजन लेभल घटेमा तत्कालै बिरामीलाई अस्पताल लैजानुपर्छ । तातो तथा झोलिलो सुप खानु आवश्यक हुन्छ । बदामले पनि शरीरलाई न्यानो प्रदान गर्छ । तातो सुपले पानीको आवश्यकता पूरा गर्छ । ताप र अन्य पौष्टिक तत्त्व पनि प्रदान गर्छ ।
- तातो पानीमा मह मिसाएर खाने हो भने शरीरमा ताप प्रदान गर्छ । स्वस्थकर खानेकुरामा जोड दिनुपर्छ । शरीरमा रोग लाग्न नदिन गहिरो निद्रा आवश्यक पर्छ । घरबाट निस्किएसँगै मास्कको प्रयोग गर्नुपर्छ । यसले भाइरस संक्रमणबाट बचाउन मद्दत गर्छ ।
- व्यायाममा जोड दिनुपर्छ । जसले शरीर फुर्तिलो बनाउन सहयोग गर्छ । शरीरलाई आवश्यक पर्ने भिटामिन डीयुक्त खानेकुरा दुध, हरियो सागसब्जी, अन्डा, माछामासुलगायत खानेकुरा अधिक मात्रामा खानुपर्छ । भिटामिन डीले शरीरमा रोगसित लड्ने क्षमता बढाउँछ र शरीर स्वस्थ राख्न भूमिका खेल्छ ।

चुनावी च्याउहरू


बजारमा च्याउ धेरै छन्, कोही विषालु छन्, कोही नशालु छन् त कोही केवल देखावटी

व्यंग्य



● रवि मिश्र

> जब देशमा परालको कुन्युजसरी असन्तुष्टि वा संरचना जल्छ, यिनीहरू आगो निभाउन होइन, त्यही आगोमा 'रोटी सेकाउन' तम्सिन्छन् । 'देख्यौ ? तिनीहरूले देश बनाएनन्, अब हामी बनाउँछौं' भन्दै यिनीहरू रन्किएर आउँछन् । तर दुर्भाग्य ! हतारमा रोटी सेकाउन खोज्दा न रोटी पाक्छ, न यिनीहरूको पेटले पचाउँछ ।



वर्षायाममा जसरी वनपाखामा च्याउ उम्रिन थाल्छन, ठिक त्यसैगरी चुनावको सिजन चल्नासाथ देशमा 'दल'हरू उम्रिन सुरु हुन्छ । निर्वाचन आयोगको बारीमा दर्ता हुने यी दलहरूका रङ, रूप र प्रजाति अनेक छन् । वनस्पति शास्त्रले च्याउलाई जसरी वर्गीकरण गर्छ, नेपाली राजनीतिशास्त्रले पनि यहाँ उम्रिएका दललाई निम्न प्रजातिमा वर्गीकरण गरेको छ :

१. गोब्रे दल

यो दलको मुख्य मलजल नै 'भ्रम' हो । चुनावको नतिजाले राम्रै सिट गोब्राउला । त्यो सिट सत्ताको ठुलै भाग गोब्राउला र स्वाद लिम्ला भन्ने आसमा यो प्रजातिको जन्म हुन्छ । यसमा विशेषगरी समाजमा थोरबहुत नाम चलेका 'सेलिब्रेटी' र दाम कमाएका उद्योगी-व्यवसायीको आकर्षण देखिन्छ । यिनीहरूलाई लाग्छ, 'पर्दामा वा बजारमा म जे छु, मतपत्रमा पनि त्यही हुन्छु । संसार मेरै पछि छ ।'

तर विडम्बना ! चुनावको दिन मतदाताले 'कन्नो' फर्काएर यस्तो गोब्राइदिन्छन् कि यिनीहरूको जमानतसमेत गोबरमा मिल्छ । अन्त्यमा, रिसले भुन्भुनिँदै यिनीहरू निष्कर्ष निकाल्छन्, 'गणेशमानजीले नेपाली जनतालाई भेडा भनेर ठिकै भनेका रहेछन् !'

२. कन्ने दल

यी दल खासमा राजनीतिक मैदानमा भन्दा बढी मिडियाका पर्दा र स्टुडियोमा उम्रिन्छन् । वर्षौंसम्म टिभी टक सोमा ज्ञान पेलेर, पत्रिकामा लेखेर, अरूको उछित्तो काढेर र ठसठसी 'कनेर' गफ जोत्दा-जोत्दा यिनीहरूलाई 'अब देश बनाउने पालो मेरै हो' जस्तो लाग्छ । उनीहरूलाई देश बनाउने तलतल लाग्छ । यिनीहरूको एक बोरा 'डिग्री'देखि लिएर टेलिभिजन टक-सोका 'जिग्री'सम्म हुन्छन् । यिनीहरूलाई एउटा गज्जबको भ्रम हुन्छ, 'मैले सुकिलो सर्ट र टाई लगाएको छु । कडा अंग्रेजी म बोल्छु । दार्शनिक लवज मेरो छ । त्यसैले मप्रति स्वतः आकर्षण छ ।' तर, बिचराहरूलाई के थाहा, मतदाताले 'टाई' भन्दा 'टाई-टाई' (हल्ला) गर्नेहरूसँग बढी रमाइलो लाग्छ !

३. पराले दल

यो प्रजाति अलि ज्वलनशील हुन्छ । यसका पनि दुई उप-प्रजाति भेटिएका छन् :

■ **प्रजाति एक (फुटपरस्त)** : भनिन्छ, दलभित्रको झगडा परालको आगो हो । यो जति छिटो बल्छ, उति छिटो निभ्छ । तर, जब निभ्दैन, आगो सल्किँदै गएर सिंगो दल नै फुट्छ र खरानीको थुप्रोबाट नयाँ 'पराले दल' बन्छ । यिनीहरू सुरुमा बडो जोसिला हुन्छन् । यिनीहरूको मुख्य एजेन्डा देश बनाउने वा फसल फलाउनेभन्दा पनि आफ्नो पूर्व-माउ पार्टी (संस्थापन) लाई हराएर 'मसल' देखाउनुमा केन्द्रित हुन्छ । जब चुनाव सकिन्छ र हैसियत खुल्छ, अनि 'देख्यौ त?' भन्दै खुच्चिङ बजाउँछन् । माउपार्टीले नि हो र छ ल आओ भन्छ । अनि लुरुक्क परेर फेरि पुरानै दलको परालको कुन्युमा मिसिन पुग्छन् ।

■ **प्रजाति दुई (मौकापरस्त)**: यो प्रजाति सेप्टेम्बर ८ र ९ जस्ता दिन वा घटनामा भएको मानवीय र भौतिक क्षतिको जगमा उम्रिन्छ । जब देशमा परालको कुन्युजसरी असन्तुष्टि वा संरचना जल्छ, यिनीहरू आगो निभाउन होइन, त्यही आगोमा 'रोटी सेकाउन' तम्सिन्छन् । 'देख्यौ ? तिनीहरूले देश बनाएनन्, अब हामी बनाउँछौं' भन्दै यिनीहरू रन्किएर आउँछन् । तर दुर्भाग्य ! हतारमा रोटी सेकाउन खोज्दा न रोटी पाक्छ, न यिनीहरूको पेटले पचाउँछ । उल्टै काँचो रोटीले छेरपटी चलेर यिनीहरू जहाँ पायो त्यहीँ टुसुक्क बस्दै उठ्दै बाटो लाग्छन् ।

४. मृगे दल

मृगेच्याउजस्तै यो दलको उपस्थिति मृगतृष्णाजस्तै हुन्छ । सिजनमा हुरुरु उम्रिन्छन्, र सिजन सकिएपछि भतक्कै मर्छन् । यिनीहरू खासमा राजनीति गर्नभन्दा पनि 'मनको रहर' पूरा गर्न आएका हुन्छन् । यो एक प्रकारको 'फेसन' वा 'होडबाजी' हो । 'फलानोको छोराले दल खोल्यो, मेरो छिमेकीले खोल्यो, साथीभाइले खोले, अनि मैले चाहिँ किन नखोल्ने ?' भन्ने मनोविज्ञान यिनीहरूमा हाबी हुन्छ । जसरी मान्छेले नयाँ मोडेलको फोन किन्छ, त्यसरी नै यिनीहरू 'हेर्दै न त एकपटक ट्राई गरेर' भन्दै दल खोल्छन् । टोलछिमेकमा धाक जमाउन र चिया पसलमा गफ दिने मेलोका लागि मात्र यिनीहरूको जन्म भएको हुन्छ ।

५. राते दल

यो राते च्याउ प्रजाति आफूलाई बहुमूल्य जडीबुटी वा 'औषधीय गुण'ले युक्त दाबी गर्छ । तर, समस्या के छ भने, डाक्टरको 'प्रेस्क्रिप्सन'को अक्षरजस्तै यिनीहरूको बोली र व्यवहार सर्वसाधारणले बुझ्दै बुझ्दैनन् । यिनीहरू दाबी गर्छन्, 'हामीसँग देशको हररोगको अचुक ओखती छ ।' तर, यिनीहरूको ओखती (विचार) जमरा, तितेपाती वा लौकाको जुसजस्तै मान्छेले विगतमा राम्रैसँग पत्याएका पनि छन् । विडम्बना त के छ भने, देश र जनताको उपचार गर्ने दाबी गर्ने यी झाँक्रीहरू आफैं भने कहिल्यै स्वस्थ रहँदैनन् । कहिले फुट्ने, कहिले जुट्ने, कहिले चिरा पर्ने, यिनीहरू आफ्नै उपचार नपाएर छटपटाइरहेका देखिन्छन् ।

६. झरिङ्गे च्याउ

यसलाई च्याउको राजा मानिएझैं, झरिङ्गे दलहरू आफूलाई 'दलको राजा' ठान्छन् । कोही आफूलाई सिंहझैं बलवान् ठानेर राजा मान्छन्, कोही 'हामी त राजा नै हौं' भन्ने भ्रम पालेर आफूलाई सर्वेसर्वा ठान्छन् । पुराना र रैथाने प्रजाति भएकाले यिनीहरूको जरा गाडिएको छ, तर अहिले बजारमा यिनीहरूको उत्पादन (लोकप्रियता) घट्दो छ ।

यिनीहरू अधिल्लो चुनावपछि अलिकति डराएका थिए, 'देशमा च्याउहरू धेरै भए, भाग खोसिने भयो,' भनेर । त्यसैले 'अब हामी दुई ठुला च्याउ मिलेर पुर्स्तौंपुस्ता खानुपर्छ, अरूलाई रोक्नुपर्छ' भन्दै यिनीहरू सिन्डिकेट खडा गर्न खोज्दै थिए । तर, युवाहरूको आन्दोलनले पछारिएपछि यिनीहरू अहिले बिलखबन्दमा छन् । यो चुनावमा यिनीहरूको उत्पादन (सिट) खासै नहोला भनिन्छ, तर खेती धेरै जमिनमा भएकाले जति नै कुहिए पनि उत्पादन शून्य नै चाहिँ नहोला भन्ने छ ।

७. दुधे च्याउ

पछिल्लो समय देशमा दुधे च्याउ दलको उत्पादन र माग ह्वात्तै बढ्ने सम्भावना देखिएको थियो । तर, पुराना च्याउ किसानहरूले 'यिनीहरूको त ओठ निचोर्दा दुध आउँछ, के देश चलाउँथे ?' भन्दै यति खिस्याए र पेले कि, यिनीहरू त्यतै विरक्तिए । खेतीको प्रचूर सम्भावना हुँदाहुँदै र जनमासको चाहना हुँदाहुँदै पनि सही मलजल नपाउँदा वा उत्पादनतिर नलाग्दा यो चुनावमा दुधे च्याउको सम्भावना त्यत्तिकै खेर जाने खतरा बढेको छ ।

बजारमा च्याउ धेरै छन् । कोही विषालु छन्, कोही नशालु छन् त कोही केवल देखावटी । छान्ने जिम्माचाहिँ मतदाताको आफ्नै विवेकमा निर्भर छ !

शरीरको बजार

कविता



● रोजन परियार

दिनभरि ऊ सानो अँध्यारो कोठामा थुनिन्छे ।
भित्तामा देखिएका चिराजस्तै,
उसको जीवन पनि चिरा-चिरा भएको छ ।
बाहिरको घामले ढोका ढकढक्याउँछ,
तर उसलाई छुन पाउँदैन
बाहिरको घाम र हावा
मानौं उसका लागि बनाइएका होइनन् ।

साँझ पर्नासाथ लाली धस्छे ओठमा,
सस्तो सुगन्ध छर्कंपछि
आफैंलाई फेरि बेपत्ता पार्ने अनुहार बनाउँछे ।
र निस्कन्छे सडकमा,
जहाँका बत्तीहरू
उसको शरीरलाई चुपचाप नाप्छन् ।
ग्राहक उसका चिरपरिचित छन्
दोहोरी साँझबाट निस्किएका हाकिम,
युनिफर्म फुकालेर आइपर्ने पुलिस,
खेलको मैदानमा नाम कमाएका खेलाडी,
ट्रकका ड्राइभर र पेटी पसलका साहु ।

दिउँसो थुक्ने,
राति भने त्यही शरीर चाट्ने,
त्यसरी नै,
मानौं केही भएको नै थिएन ।
ऊ मूल्य तौल्छे हजार पाँच सय तीन सय दुई सय
कतिमा जाने तर मनमा सोच्छे
प्यासभन्दा ठुलो त पेटको भोक हो,
भोलि के खाने भन्ने डर हो ।
त्यसैले बेच्नैपर्छ शरीर
पाल्न फेरि त्यही शरीरलाई ।

उसको सीप बिक्दैन,
उसको पहिचान बिक्दैन,
उसको पढाइको प्रमाणपत्र बिक्दैन ।
किनकि ऊ दिमागको नारी हो,
तर जन्मले शरीरमा धोका दियो ।

त्यसपछि समाज, परिवार, राज्य
सबैले धोका दिए ।
आज हरेक रात ग्राहकले धोका दिन्छन्
कोही थुक्छन्, कोही पिट्छन्,
कोही पैसा मात्र फालेर,
मिठासको मुख लगाएर हिँड्छन् ।

ऊ सोच्छे
प्यास मेटाउने त्यो समाजको मर्द
सम्मानित किन ?
र भोक मेटाउने म बदनाम किन ?
तर उत्तर कहिल्यै आउँदैन ।
सडकको बत्तीको उज्यालोमा
ऊ फेरि उभिन्छे
शरीरको मूल्यसहित,
मान्छेको मूल्यविनै ।

‘राम्रो कृति अनुवाद गरिसकेपछि लोभ पो लाग्छ’

*साहित्य जगत्मा प्रवीण अधिकारी एक कुशल लेखक तथा अनुवादकका रूपमा परिचित छन् । उनले नेपालीबाट अंग्रेजीमा अनुवाद गरेका पुस्तकमा इन्द्रबहादुर राईको ‘लङ नाइट अफ स्टम’, नारायण वाग्लेको ‘कोरियाना कफी गफ’ र अमोद भट्टराईको ‘च्याप्टर्स’ हुन् । अंग्रेजीबाट नेपालीमा उनले नोबेल पुरस्कार विजेता कोरियाली लेखक हान काङको ‘भेजिटेरियन’ अनुवाद गरेका छन् । ‘फोक गड्स’, ‘द भेनिसिङ एक्ट’ र ‘बुढनी’का लेखक अधिकारीसँग अनुवादको सेरोफेरोमा रही **राजु स्याङ्तान**ले कुराकानी गरेका छन् :*



अनुवाद-संवाद

तस्बिर सौजन्य : **शिखर भट्टराई**

● **प्रवीण अधिकारी, लेखक/अनुवादक**

प्रायः लेखक आफ्नो पुस्तकलेखनमै जोड दिन्छन् । तर, तपाईंचाहिँ लेखन र अनुवाद दुवैमा व्यस्त हुनुहुन्छ । यो जाँगरको स्रोत के होला ?

मेरो पनि इच्छा त आफ्नै सिर्जनाप्रति समर्पित रहनु हो । कलिलो उमेरमा कविता र कथा लेख्थेँ, अहिले मलाई राम्रो उपन्यास लेख्न मन छ । आफ्नो खुबीले सधैँ भ्याउँदैन, तर प्रयत्न त निरन्तर रहने नै छ । मेरो सौभाग्य रह्यो कि स्कुले जीवनमा मलाई अंग्रेजी र नेपाली पढाउने शिक्षकले दुवै भाषामा लेख्न र लेखिरहन हौस्याउनुभयो । मेरा बा पनि हरेक दिन लेख्नुहुन्छ, अर्काको लेखाइलाई सुधार्ने सपार्ने काम गर्नुहुन्छ । पढाइमा मैले धेरै मिहिनेत गरिनँ, आफूले अलिअलि जानेकै सीपलाई तिखार्रैं, चिनेकै बाटो अलिक परसम्म हिँडेँ । यसरी आफैंले लेख्ने र अर्काको लेखनबारे पनि रुचि राख्ने बानी बस्यो । तर, यसमा जाँगरभन्दा बढी परिस्थितिले थोपरेको बाध्यता छ । रोजगारको अनिवार्यता छ । अर्को बाध्यकारी तत्त्व छ, आफ्नो सीपको सीमितता । आफैंले छानेर अनुवाद गर्ने भन्दा पनि धेरैपटक लेखक वा प्रकाशकले खेताला लगाएकाले अनुवाद गरेको छु । काम गर्ने मान्छेले जाँगर पर्खेर वा आफूलाई मनपर्ने काम मात्रै गर्छु भन्दै बस्ने सहुलियत सधैँ नपाउला ।

मैले अनुवाद गरेका पुस्तक केही छन् । तर, मैले फोटो काठमाडौँ फोटो महोत्सवका लागि गरेका केही अनुवादका काम मलाई ती पुस्तकजत्तिकै वा अझ बढी महत्त्वपूर्ण लाग्छन् । मैले भारतीय कलाकार अमर कन्वरका लागि गरेको अनुवाद मलाई धेरै महत्त्वको लाग्छ । यसपटकको फोटो महोत्सवका लागि पनि प्यालेस्टाइन र वरिपरिका अन्य देशका फोटोग्राफरहरूका चिठी अनुवाद गरेको छु, जसलाई पुस्तिकाको आकारमा छापिएको छ र निःशुल्क वितरण गरिँदै छ । मैले गरिनभ्याएको, गर्न साह्रै डर मानिरहेको अनुवादको काम छ, खगेन्द्र संग्रौला दाइका कथाहरूको । जाँगर त सुविधा हो । प्रायः काम आदेश र त्रासका बिचमै फत्ते गरेको छु ।

अनुवाद गर्न पुस्तक छनोट गर्ने तपाईंको विधि के हो ?

मूल कृति पढ्दा त्यसले आफूमा ल्याएको वैचारिक र भावनात्मक परिवर्तन नै छनोटका लागि मानक होलान् । म कलेज पढ्दै गर्दा मेरी साथी सराहना श्रेष्ठले ‘जूनकिरीको संगीत’ र ‘पल्पसा क्याफे’ हुलाकबाट पठाइदिएकी थिइन् । द्वन्द्वकालमा देशबाट टाढा रहेको समयमा पढेका यी उपन्यासले ममाथि गहिरो छाप छोडेका थिए । पछि मैले जूनकिरीको संगीतको एक अंश ‘द हाउस अफ स्नो - एन एन्थोलोजी अफ ग्रेटेस्ट राइटिङ्स फ्रम नेपाल’ नामको पुस्तकका लागि अनुवाद पनि गरेँ । नेपालमा यस पुस्तकबारे चर्चा भएन, तर यसमा राम्रा अनुवाद समेटिएका छन् । मेरै अनुवादमा श्रवण मुकारुङ र स्वप्नील स्मृतिका कविता पनि छन् । मभन्दा काबिल साथीहरूले अरू अनुवाद गरेका छन् । नारायण दाइको पनि पुस्तक अनुवाद गर्ने रहर थियो, हालै कोरियानाको अंग्रेजी अनुवाद आएको छ । मैले सक्ने भए त अरू पनि कृति अनुवाद गर्ने थिएँ । तर, अहिले अनुवादका लागि पाइने ज्याला, त्यसलाई राम्ररी टुंगो लगाउन चाहिने समय र अनूदित पुस्तकको बजारबिच तालमेल छैन ।



राम्रो कृति अनुवाद गरिभ्याएपछि खुबै ईर्ष्या पनि लाग्छ, आफूले त्यस्तो पुस्तक कहिले लेख्ने होला भन्ने अत्यास लाग्छ । कहिलेकाहीँ कामका लागि पाइने ज्यालाभन्दा ठुलो पारितोषिक यही ईर्ष्या हुँदो रहेछ । यसका लागि पनि गरिन्छ । एउटा लेखकले अर्को लेखकलाई सबैभन्दा सम्मान दिने पनि अनुवाद गरेरै हो कि ?

तपाईंको अनुभवमा अनुवाद गर्दा सबैभन्दा ध्यान दिनुपर्ने पक्ष के हो ?

छुटाउन पाइएन, सकेसम्म थप्न हुँदैन, छुटाउनुभन्दा अर्थ खुलाउनका लागि थोरै थपेकै स्वीकार्य । बाँकी आफ्नो सिकाइ र सीपबिचको खाल्डोमा पौडिने नै हो । पानीको माछाले पानी नबुझेझैँ हामीले आफ्नो भाषा बुझेका हुँदैनौँ । प्रायः लेखक कविलाई नै पनि यो बोध हुँदैन । अनुवादमा आफूले चलाएका शब्दबारे अनभिज्ञ रहने सुविधा रहँदैन । हिज्जे बिगारे अर्काले सपारिदेलान्, ज्ञानको अल्पताका कारण शब्दचयनमा चुकेसम्म क्षमायोग्य रहिएला । तर, स्वपरीक्षणका अभावले शब्दचयनमा चिप्लने नै अनुवादक भने लायक होइन । म धेरैपटक चुकेको छु, चिप्लिएको छु ।

यी त भए अनुवादकले ध्यान दिनुपर्ने कुरा । प्रकाशकले ध्यान दिनुपर्ने झनै धेरै चिज छन् भन्ने लाग्छ । असल कृतिको योग्य अनुवाद अन्य प्रकाशनभन्दा महँगो हुनैपर्छ भन्ने पाठकलाई सिकाउनुपर्छ । पुस्तकको मूल्यमा अनुवादकका लागि उचित पारिश्रमिक नसमेट्नु गल्ती हो । मलाई खुबै मनपर्ने एक लेखक मित्रको उपन्यास अनुवाद गर्न दिल्लीका प्रकाशकले आग्रह गर्दा मैले अनुवाद गर्न मलाई लाग्ने समय र मैले पाउन सक्ने ज्याला दाँजेर हेर्दा आफ्नै खर्च दोब्बरजसो आउने देखियो । देशका प्रकाशक मिलेर अनूदित कृतिका लागि सानोतिनो पुरस्कार राशी स्थापना गर्ने, हरेक वर्ष अब्बल मानिएका पुस्तक अनुवाद गर्ने खर्च जोहो गर्न राज्यलाई गुहार्ने गरे त्यस्ता कृति अनुवाद गर्ने आँट आउँथ्यो होला । नयाँ पुस्ताका अनुवादक हौसिन्थे होलान् ।

हात परिसकेको अनुवादका लागि प्रकाशकले दुवै भाषामा पोख्त सम्पादक नखोज्नु साह्रै ठुलो अपराध हो । इन्द्रबहादुर राईका कथा अनुवाद गर्दा मेरा सम्पादक अनुराग बस्नेत थिए । उनी आफैं प्रतिभाशाली अनुवादक हुन्, उनले सञ्जय विष्टको ‘माटाको घर’ र लेखनाथ क्षेत्रीको ‘फुलांगे’ नेपालीबाट तथा रविश कुमार र अनिल यादवका पुस्तक हिन्दीबाट अनुवाद गरेका छन् । नयनराज पाण्डेको ‘सल्लीपिर’ पनि प्रकाशोन्मुख छ । उनैले ‘कोरियाना’को पनि अनुवाद सम्पादन गरेका हुन् । प्रकाशकहरूले हामी अनुवादकलाई अनुरागजस्ता सम्पादकसँग काम गर्ने मौका जुटाइदिनुपर्छ । नत्र, अनुवाद गरिएका पुस्तक बजारका लागि मात्रै बन्छन्, तिनले अनुवादक र सम्पादकलाई सीप थप्ने वा तिखार्ने मौका बनाइदिँदैनन् । यसले साहित्यलाई साँघुरो बनाइदिन्छ र समाजलाई वैचारिक हिसाबमा दरिद्र ।

अनूदित पुस्तकलाई पाठकले कत्तिको माया गर्ने रहेछन् ?

अनुवाद अत्यन्तै खराब भए पाठकले भिँझो मान्लान्, पुस्तक नपढ्लान् । तर, पाठकले मूल पुस्तककै विषय मन

> अर्काले लेखेको कथामा पात्रहरूसँग मात्रै होइन कि सर्जक, उनको सांस्कृतिक र ऐतिहासिक परिवेश, सौन्दर्यचेत र दर्शन सबैसँग एकसाथ धेरै तहमा साक्षात्कार हुन्छ । आफूले लेख्दै गरेको वा लेखिसकेको कथामा शिल्प र त्यससापेक्ष आफ्ना कमजोरीसँग जम्काभेट हुन्छ ।

पराउने हो, अनुवाद गर्नमा हामीले खर्चिने मिहिनेतलाई होइन भन्ने मेरो बुझाइ छ । हामीले सधैँ अनुवादका पुस्तक पढेकै हौँ, यो अनुवाद थियो कि मूलभाषामा भनेर सोध्ने चलन त भखैरैको हो कि भन्ने लाग्छ । मैले आफूले गरेको काममा अमोद भट्टराई दाइको कथासंग्रह ‘च्याप्टर्स’, इन्द्रबहादुर राई सरको कथासंग्रह ‘लङ नाइट अफ स्टर्म’ र नोबेल विजेता किरियाली लेखक ‘हाङ काङ’को ‘भेजिटेरियन’लाई पाठकले रुचाए ।

कुनै अर्को अनुवादकले तपाईंले अंग्रेजीमा लेख्नुभएको पुस्तक नेपालीमा अनुवाद गर्छु भन्यो भने तपाईंको उत्तर के हुन्छ ?

गुड लक एन्ड थ्यांक यू । मेरा बाले मैले पुनर्कथन गरेको लोककथासंग्रह ‘फोक गड्स’लाई ‘लोक देवताहरू’ शीर्षकमा अनुवाद गर्नुभएको छ । इसिमोडको वेबसाइटबाट डाउनलोड गर्न पनि सकिन्छ, सफु प्रकाशनबाट पुस्तक पसलहरूमा पनि उपलब्ध छ । त्यसबाहेक अहिलेसम्म जम्मा दुईजनाले मात्रै मेरा कथा अनुवाद गर्ने कष्ट गर्नुभएको छ, खगेन्द्र संग्रौला दाइले ‘मायापुरी’ शीर्षकको कथा अनुवाद गर्नुभएको छ भने इशान मैनालीज्यूले ‘आई रियल्ली गट्टा ह्याभ दोज फ्राइज म्यान !’ भन्ने निबन्ध अनुवाद गर्नुभएको छ । ऐँचोपैँचो गरे अनुवादमा सबैलाई फाइदा हुन्थ्यो भन्ने आशयको एक सन्ध्या-संवादबाट खगेन्द्र दाइसँग एक-अर्काको काम अनुवाद गर्ने सहमति भयो । इशानले भने आफ्नै रुचिले ।

तपाईंले नेपालीबाट अंग्रेजीमा र अंग्रेजीबाट नेपालीमा पनि अनुवाद गर्नुभएको छ । कुनचाहिँ अनुवाद गर्दा आनन्द आयो ?

म अंग्रेजीमा आख्यान लेख्छु, बिस्तारै गैरआख्यान लेख्न सिक्दै छु । त्यसैले नेपालीबाट अंग्रेजीमा अनुवाद गर्दा मेसो अलि छरितो सर्छ । तर, अंग्रेजीबाट नेपालीमा अनुवाद गर्दा मैले जति चुनौती सामना गर्छु, त्यसले मेरो सीपलाई मलजल गर्छ । सत्य यो हो, चुनौती भाषाले भन्दा बढी सर्जकका कारण आउँछन् । इन्द्रबहादुर राई र खगेन्द्र संग्रौला दुवै अंग्रेजीमा मास्टर्स डिग्री गरेका र नेपाली साहित्यमा महत्त्वपूर्ण कृति प्रकाशन गरेका लेखक हुन् । मैले उहाँहरूको नेपालीलाई अंग्रेजीमा उल्था गर्दा मेरा कमी-कमजोरी उहाँहरूबाट लुकेको हुँदैन । मैले अंग्रेजीबाट नेपालीमा अनुवाद गरेका पुस्तकमध्ये हाङ काङको ‘भेजिटेरियन’ बुकहिलबाट प्रकाशित छ भने म्यागी डोयनको संस्मरण अहिलेसम्म आएको छैन । यी पुस्तक दुवै महिलाले लेखेका, अत्यन्तै कोमल र सूक्ष्म, तर जटिल भावना बोकेका कृति । यी पुस्तकमा काम गर्दा छुट्टाछुट्टै आनन्द आयो ।

अनूदित पात्रसँग डुल्दा मजा कि आफैंले निर्माण गरेका पात्रसँग डुल्दा ?

अर्काले लेखेको कथामा पात्रहरूसँग मात्रै होइन कि सर्जक, उनको सांस्कृतिक र ऐतिहासिक परिवेश, सौन्दर्यचेत र दर्शन सबैसँग एकसाथ धेरै तहमा साक्षात्कार हुन्छ । आफूले लेख्दै गरेको वा लेखिसकेको कथामा शिल्प र त्यससापेक्ष आफ्ना कमजोरीसँग जम्काभेट हुन्छ । आफूले लेख्दै गरेको पात्रको हाउभाउ हेरिन्छ, तिनले भनेका कुरा सुनिन्छ, केहीबेर हातेमालो गर्दै विहार गरिन्छ । तर, तिनलाई बिसाउने गन्तव्य आइहाल्छ । उनीहरू डाँडापारिको गाउँबाट दुई दिन बास बस्न आएका पाहुना हुन् । आफूले पात्र निर्माण गर्नु भनेको आफैंलाई निर्माण गर्ने शाश्वत कर्मको सानो अंश हो । आफूले बनाउने कथा, परिवेश र पात्र प्रश्न हुन् । यी आफ्नो अपूर्णताका संकेत पनि हुन् ।

हरक्षेत्रमा एआईको दबदबा बढ्दो छ । भविष्यमा अनुवादको संसारमा यसले कस्तो प्रभाव पार्ला ?

एआईलाई विवेकसम्मत प्रयोग गरेर आफ्नो काम सजिलो बनाउने हो, त्यतिसम्म ठिकै छ । अहिले पनि संघसंस्थाहरूलाई आवश्यक पर्ने अनुवाद कार्यमा एआईले खर्च घटाउन सहयोग गरिरहेको छ । साना व्यवसायका लागि विज्ञापनका लागि आवश्यक पाठ लेख्न र डिजाइन गर्नमा एआईको प्रयोग बढ्दो छ । अन्य भाषाका समाचार पढ्न सकिने भएको छ । यसले पक्कै फाइदै हुन्छ ।

तर, तपाईंको प्रश्नमा लुकेको अर्को प्रश्न यस्तो हुन सक्छ, एआईबाट आउने उत्पादन हो कि सिर्जना हो ? एआईले साँच्चै मानव संवेदनालाई पक्रिएर सिपालु कथाकविता एकै सेकेन्डमा लेखिदिन्छ र ती कथाकविता पढ्दा हामीमा नयाँ अनुभूति र विचारको उद्भव हुन्छ भने त्यसलाई सिर्जना मान्नुपर्ने हुन्छ । एआईले बिजुली खाएर एकै घण्टामा करोडौँ उपन्यास लेखिदेला रे ! तर, ती उपन्यास पढ्न हामीलाई त जुर्गौं लाग्छ । पाठकले पढेर, भोगेर, त्यसबारे मनन गरेर आफ्नो जीवनमा, दर्शनमा, राजनीतिमा स्थान नदिने हो भने कुनै पनि सिर्जित कृतिको के उपादेयता रहन्छ ? हाम्रो सीमित समय चोरेर विज्ञापनमार्फत आफ्ना सेयरवालाका लागि आम्दानी खिच्न ठुला सामाजिक सञ्जाल कम्पनीले सर्टफर्म कन्टेन्टका नाममा पोस्टिने रिल र भिडियोका कारण कविता र कथा लेख्ने वा असल अनुवादमार्फत एउटा कालखण्ड, संस्कृति, परिवेश र वैश्विक चेतनाबाट अर्कोसम्म ज्ञान र अनुभवलाई ओसारपसार गर्ने काम नै अस्तित्ववादी जोखिममा पर्छन् भन्ने पत्याउन मुस्किल लाग्छ । बजारको आफ्नै तर्क र तुजुक होलान् । तर, हरेक व्यक्तिमा निहित सिर्जनात्मकता र कर्तृत्व त्यसका सामु सजिलै निहुरिन्छ भन्ने मलाई लाग्दैन ।

अनुवाद भन्नेबित्तिकै अंग्रेजीबाट नेपाली, नेपालीबाट अंग्रेजी बुझिन्छ । नेपालभित्र यति धेरै जातिका आफ्ना रचना छन् । थारू समुदायको कथा ‘बुढनी’ तपाईंले लेख्नुभयो र त्यसलाई इन्दु थारूले आफ्नो भाषामा अनुवाद गर्नुभयो । यसैगरी, सबै भाषामा लेखिएका साहित्यहरू खस भाषामा वा अंग्रेजी भाषामा अनुवाद भए यसले नेपाली साहित्यको क्यानभासमा कस्तो फरक पार्ने थियो होला ?

अंग्रेजीमा अनुवाद भए विश्वसामु पुग्थ्यो, हाम्रो देशका साहित्यकारको ख्याति र बजार दुवै फराकिलो बन्थ्यो भन्ने एउटा तर्क छ । ठिकै हो । तर, देशका यति थरी भाषाले एक-अर्कासँग पनि अलि सजिलै बोल्न, घुलमिल हुन पाउनुपर्ने हो भन्ने मेरो बुझाइ हो । अरू थुप्रै भाषाबाट धेरै शब्दभण्डार सोहरेर आफ्नै हो भन्ने भ्रममा हिँडिरहेको भाषा हो मूलधारको नेपाली । नेपालका अन्य भाषाबाट पैँचो ल्याएको शब्दलाई अर्को भाषाको भनेर बताउनमा खुबै कन्जुस्याइँ गर्छ यसले । नेवाबाट आएका शब्द, तामाङबाट आएका र अवधीबाट आएकालाई आफ्नै प्रयोगभित्र पनि राम्ररी चिन्न, बुझ्न पाए अक्षर लेखेर बाँच्ने हामी नै समृद्ध हुन्थ्यौँ । ती शब्दले बोकेका थरिथरीका इतिहास सिकिन्थ्यो, ती भाषाप्रति अनुराग जाग्थ्यो । अर्को समुदायको कथा सुन्नै नमान्ने, अर्को भाषाका गीतमा रमाउनेलाई शत्रु देख्ने, अलिक परको समुदायको पहिरन लगाए पराई मान्ने प्रवृत्ति समाजमा फैलिए द्वन्द्वलाई पोषण पुग्छ । छिमेकीको घरमा आगो लगाएर हात सेक्नेहरू अगुवा बन्न अघि सर्छन् । त्यसैले, पनि सबै भाषाबिच अनुवादको सेतु बनेकै बेस ।

स्वास्थ्य



● **जस्टिन स्टेबिङ**



उपवासले रोगको जोखिम घटाउँछ कि बढाउँछ ?

> उपवास एक शारीरिक तनाव हो । सानो, नियन्त्रित मात्रामा गरिने उपवासले स्वास्थ्यलाई फाइदा पुऱ्याउन सक्छ । अत्यधिक उपवास, विशेषगरी बिरामी भएको अवस्थामा भने यसले हानि पुऱ्याउन सक्छ ।

केही महिनादेखि सामाजिक सञ्जालमा क्यान्सरको नयाँ ‘चामत्कारिक उपचार’बारे बहस चलिरहेको छ । सुपरफुड र सप्लिमेन्टदेखि अत्यधिक आहारसम्मका वाचा लगभग सधैँ भ्रामक हुन्छन् । एउटा पछिल्लो दाबीले सुझाव दिन्छ कि २१ दिनसम्म पानी मात्र पिएर बस्ने उपवासले क्यान्सर कोषलाई ‘भोकै’ राख्न र शरीर आफैंले निको पार्न सक्छ । यो सरल र अझ सशक्त सुनिन्छ, खान बन्द गर्नुहोस् र तपाईंको शरीरले बाँकी काम आफैं गर्नेछ । तर, जीवविज्ञान बिरलै त्यति सरल छ । क्यान्सर एकल रोग होइन र मेटाबोलिजमले ‘बिरामी’ र स्वस्थताबिच राम्रोसँग परिवर्तन गर्दैन । उपवासले हाम्रा कोषले ऊर्जा कसरी उपयोग गर्छन् भन्ने कुरालाई असर गर्न सक्ला । तर, यसले ट्युमरलाई उन्मूलन गर्न सक्छ भन्ने कुनै वैज्ञानिक प्रमाण छैन । वास्तवमा, विशेषगरी क्यान्सर वा यसको उपचारबाट पहिले नै कमजोर भएका मानिसका लागि लामो समयसम्म उपवास खतरनाक हुन सक्छ ।

उपवासले मेटाबोलिजम, रोग प्रतिरोधात्मक क्षमता र कोषिकाको वृद्धिका केही पक्षलाई असर गर्न सक्छ, तर लामो समयसम्म पानी पिएर बस्ने उपवासले क्यान्सरको उपचार वा निको पार्न सक्छ भन्ने कुनै विश्वसनीय प्रमाण छैन । प्रयोगशाला अध्ययनमा उपवास (अनियमित उपवासदेखि छोटो अवधिको क्यालोरी प्रतिबन्धसम्म) ले कोषहरूले आफूलाई गर्ने मर्मत र ऊर्जा व्यवस्थापनमा असर पार्ने देखाइएको छ ।

उपवासले आन्द्राको स्टिम सेल गतिविधिलाई अस्थायी रूपमा दबाउने र त्यसपछि खाना पुनः लिन थालेपछि एक शक्तिशाली चरण सुरु हुने २०२४ को अनुसन्धानले देखाएको छ । स्टिम सेल वृद्धिमा हुने यो परावर्तन एमटिओआर भनिने मार्गद्वारा सञ्चालित हुन्छ, जसले प्रोटिन संश्लेषण र कोषिका प्रसारलाई बढावा दिन्छ । यो पुनर्जागरणले तन्तुहरूलाई पुनः सक्रिय हुन मद्दत गरे पनि यसले एक कमजोर रिक्तता पनि उत्पन्न गर्न सक्छ, जहाँ हानिकारक उत्परिवर्तन हुन सक्छन् । जसका कारण ट्युमर बन्ने जोखिम बढ्छ । उपवासको प्रभावबारे धेरैजसो अनुसन्धानले १२ देखि ७२ घण्टासम्म चल्ने छोटा उपवासमा केन्द्रित गरेको छ, एक सातासम्म जारी रहने अत्यधिक पानी पिएर लिइने उपवासमा होइन । २१ दिनको पानी उपवासले गम्भीर जोखिम निम्त्याउँछ । लामो समयसम्मको उपवासले निर्जलीकरण, इलेक्ट्रोलाइट असन्तुलन, खतरनाक रूपमा न्यून रक्तचाप र मांसपेशीमा हानि निम्त्याउन सक्छ ।

क्यान्सर आफैंले प्रायः कुपोषण निम्त्याउँछ, र उपवासले शरीरलाई क्षीण बनाउन सक्छ, प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउन सक्छ र संक्रमणका लागि संवेदनशीलता बढाउन सक्छ । धेरै क्यान्सर बिरामीले केमोथेरापीहरू गराइरहेका छन्, जसमा अंगको कार्य कायम राख्न र औषधिलाई सुरक्षित रूपमा मेटाबोलिजम बनाउन पर्याप्त पोषण चाहिन्छ । यी उपचारलाई लामो समयसम्म उपवाससँग मिलाउँदा विषाक्तता बढ्न सक्छ, निको हुन ढिलाइ हुन सक्छ र थकान बढ्न सक्छ । केमोथेरापीअघि छोटो उपवास वा उपवासको नक्कल गर्ने आहारमा निरन्तर क्लिनिकल अध्ययन भएका छन्, तर यिनलाई चिकित्सकीय रूपमा निरीक्षण गरिन्छन्, सामान्यतया ४८ घण्टाभन्दा कम समयसम्म रहन्छन् र सुरक्षाको लागि सावधानीपूर्वक निगरानी गरिन्छ ।

उपवासले वैज्ञानिकलाई अझै पनि छल गरिरहेको छ । किनभने, यसले प्राचीन बाँच्ने संयन्त्रलाई सक्रिय बनाउँछ । खाद्यान्न अभावको समयमा शरीरले अटोफेजीजस्ता प्रक्रिया सुरु गर्छ, जहाँ कोषहरूले क्षतिग्रस्त घटकलाई पुनः प्रयोग गर्छन् । जनावरमा गरिएको अध्ययनमा यो प्रक्रियाले जलन गर्न र मेटाबोलिक स्वास्थ्य सुधार गर्न सक्छ । तर, क्यान्सरमा विवरण धेरै जटिल छ । क्यान्सर कोषहरू संसाधनपूर्ण हुन्छन् । तिनीहरू वैकल्पिक इन्धन स्रोतहरू फेला पारेर उपवासमा अनुकूलन गर्न सक्छन्, कहिलेकाहीँ पोषक तत्त्वको तनावमा स्वस्थ कोषलाई पछाडि पार्छन् । पोषणविना लामो समयसम्म ट्युमर पत्ता लगाउने र आक्रमण गर्ने प्रतिरक्षा कोषलाई पनि कमजोर बनाउन सक्छ । २०२४ को उपवास अध्ययनले यो दोहोरो प्रवृत्तिलाई दर्साउँछ । उपवासले मेटाबोलिजम पुनर्स्थापना गर्न सक्छ, तर पुनः खाँदा एमटिओआरजस्ता वृद्धि मार्गलाई द्रुत रूपमा सक्रिय गर्छ । स्वस्थ कोषहरूमा यसले तन्तुहरू मर्मत गर्न मद्दत गर्छ । पहिले नै डिएनए क्षति वा प्रारम्भिक उत्परिवर्तन बोकेका कोषहरूमा यसले घातक प्रगतिलाई प्रोत्साहन गर्न सक्छ । यसले उपवासलाई हानिरहित वा उपचारात्मक हस्तक्षेपको सट्टा जटिल जैविक तनाव कारक बनाउँछ ।

मेटाबोलिज्मले क्यान्सरलाई कसरी असर गर्छ भन्ने कुरामा वैज्ञानिक चासो छ । अनुसन्धानकर्ताले लक्षित क्यालोरी प्रतिबन्ध वा न्यून कार्बोहाइड्रेटयुक्त डाइटको आहारले स्वस्थहरूलाई बचाउँदै ट्युमर कोषहरूलाई उपचारका लागि बढी संवेदनशील बनाउन सक्छ कि सक्दैन भनेर अन्वेषण गरिरहेका छन् । यी अध्ययन अझै प्रारम्भिक चरणमा छन् र तथ्यमा केन्द्रित छन्, अनुमानमा होइन । कुनै पनि अध्ययनमा हप्तासम्म शरीरलाई सबै पोषक तत्त्वबाट भोकै राख्नु समावेश छैन ।

सनसनीपूर्ण दाबीहरूले परिकल्पना र प्रमाणबिचको रेखालाई धमिलो पार्छन्, तथ्यहरू छुट्याएर जोखिममा रहेका बिरामीलाई झुटा आशा दिन्छन्, कोष मर्मतमा उपवासको भूमिका उल्लेख गर्छन् । जबकि, धेरैजसो निष्कर्षहरू मानव परीक्षणबाट होइन, बरु पशु मोडेलबाट आउँछन् भन्ने महत्त्वपूर्ण विवरणलाई बेवास्ता गर्छन् । क्यान्सरको उपचार गराइरहेका कसैका लागि सुपरीवेक्षण नगरिएको अत्यधिक उपवासको प्रयासले आवश्यक हेरचाहमा ढिलाइ गर्न सक्छ, साइड इफेक्टहरू बिग्रन सक्छ, वा उनीहरूको जीवनलाई जोखिममा पार्न सक्छ ।

उपवास एक शारीरिक तनाव हो । सानो, नियन्त्रित मात्रामा गरिने उपवासले स्वास्थ्यलाई फाइदा पुऱ्याउन सक्छ । अत्यधिक उपवास विशेषगरी बिरामी भएको अवस्थामा भने यसले हानि पुऱ्याउन सक्छ ।

२१ दिनको पानी उपवास न त सम्भव छ, न त सुरक्षित क्यान्सर उपचार हो । उपवासको अनुसन्धानले हामीलाई कोषहरूले पोषण र तनावप्रति कसरी प्रतिक्रिया दिन्छ भनेर बुझ्न मद्दत गर्छ, तर त्यो ज्ञानले थेरापीको रूपमा समर्थन गर्नुको सट्टा उपवासको जटिलतालाई जोड दिन्छ । सन्तुलित पोषण, हाइड्रेसन, नियमित शारीरिक गतिविधि र पर्याप्त निद्राले क्यान्सर उपचारको समयमा लचिलोपनलाई समर्थन गर्न सक्छ, तर कुनै पनि ट्युमर जीवविज्ञानलाई लक्षित गर्न डिजाइन गरिएको चिकित्सा उपचारलाई प्रतिस्थापन गर्दैन ।

*(एन्जिला रस्किन युनिभर्सिटीमा बायोमेडिकल साइन्सका प्राध्यापक जस्टिनको आलेखलाई कन्भर्सेसनबाट **सुभाष शर्मा**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १३ मंसिर ०८२

भारतबाट पेट्रोल ढुवानीका लागि प्रयोग भइरहेका ट्यांकर अन्यत्र स्थानान्तरण गरिँदै

कमिसनको लोभमा निगम कर्मचारी र ट्यांकर ढुवानी व्यवसायीले मिलेमतो गरी करारमा राखेका ट्यांकर अमलेखगन्जबाट हटाएर सिनामंगल, नेपालगन्जलगायतका डिपोमा स्थानान्तरण गर्न अघि बढ्यो गृहकार्य



अजित अधिकारी/नयाँ पत्रिका

मासिक करिब पाँच करोड व्ययभार थपिने गरी भारतबाट पेट्रोल ढुवानीका लागि प्रयोग भइरहेका एक सय चार ट्यांकरलाई आयल निगमले अन्यत्र व्यवस्थापन गर्न लागेको छ।

पाइपलाइनबाट शून्य खर्चमा पेट्रोल ढुवानी गर्न सकिने भए पनि कमिसनको खेलमा ट्यांकर प्रयोग गरेको विषय सार्वजनिक भएपछि निगम व्यवस्थापनले मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनकै पूर्ण क्षमता उपयोग गरी सो बरौनीबाट ट्यांकरमा पेट्रोल ढुवानीकार्य रोक्ने निर्णय गरेको हो। हाल सो रुटमा प्रयोग भइरहेको ट्यांकरलाई निगमको एउटा डिपोबाट अर्कोमा तेल ओसार्नका लागि प्रयोग गर्ने विषयमा छलफल थालिएको छ।

निगम व्यवस्थापनले एक सातादेखि ढुवानी व्यवसायी र चालक प्रतिनिधिसँग बरौनी-अमलेखगन्ज रुटमा ट्यांकर विस्थापन गरी अन्यत्र व्यवस्थापन गर्ने विषयमा गृहकार्य गरिरहेको हो। कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले चाँडै बरौनी-अमलेखगन्ज रुटका ट्यांकर विस्थापनको निर्णय लिइने बताए। 'अमलेखगन्ज डिपोमा पाइपलाइनबाटै जतिसक्दो धेरै पेट्रोल, डिजेल र मट्टीतेल ढुवानी गर्न हामी सदैव प्रतिबद्ध छौं, तर पाइपलाइनमा समस्या आएको खण्डमा ट्यांकर नै विकल्प हो,' उनले भने, 'केही समयका लागि भारतबाट ट्यांकरमा पेट्रोल ओसारे पनि अब चाँडै सो रुटका ट्यांकरलाई अन्यत्र विस्थापन गर्ने विषयमा गहन छलफल भइरहेको छ।'

> पाइपलाइनबाट ल्याएको इन्धन अमलेखगन्ज डिपोले काठमाडौं, विराटनगर, पोखरा र भैरहवासम्म वितरण गर्छ, तर अमलेखगन्ज डिपोमातहतका करिब अढाई सय पम्पलाई वितरण गर्ने पेट्रोल भने कमिसनको खेलमा ओसारिने गरिन्छ, यसबाट निगमलाई मासिक पाँच करोड व्ययभार थपिन्छ

०८१ असोजदेखि पाइपलाइनबाट पेट्रोल ढुवानी सुरु भए पनि निगमले ट्यांकरबाट समेत ओसारेर मासिक करिब पाँच करोड ढुवानी खर्चबापत भुक्तानी दिइरहेको विषयको आलोचना भएको छ। हाल सञ्चालनमा रहेको पाइपलाइनबाट देशभरको मागको करिब ७० प्रतिशत इन्धन आपूर्ति गर्ने क्षमता छ। पाइपलाइनबाट ल्याएको इन्धन अमलेखगन्ज डिपोले काठमाडौं, विराटनगर, पोखरा र भैरहवासम्म वितरण गर्छ, तर अमलेखगन्ज डिपोमातहतका करिब अढाई सय पम्पलाई वितरण गर्ने पेट्रोल भने ट्यांकरबाट ओसारेर निगमले अतिरिक्त भार खेपिरहेको छ।

पाइपलाइनबाट ल्याउँदा एक रुपैयाँ ढुवानी खर्च नलाग्नेमा ट्यांकरलाई प्रतिट्रिप करिब ८० हजार रुपैयाँ दिएर पेट्रोल ढुवानी गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान अघि बढाएको छ।

निगम प्रवक्ता मनोज ठाकुरले करारमा रहेका ट्यांकरलाई हटाएर रोजगारी खोस्नुभन्दा अन्य डिपोमा स्थानान्तरण गर्न लागिएको बताए। 'निगमलाई अन्य डिपोमा तेल ढुवानी गर्न ट्यांकर आवश्यक छ। त्यसैले बरौनी-अमलेखगन्ज रुटमा प्रयोग भएका ट्यांकरलाई आवश्यक भएका डिपोमा तेल ओसार्ने गरी स्थानान्तरण प्रक्रिया थालेका छौं,' उनले भने।

■ नेपालगन्ज डिपोमा लखनउबाट इन्धन ढुवानी हुने

आइओसीले गोन्डास्थित डिपो बन्द गर्ने सूचना निगमलाई दिएको छ। त्यसैले, नेपालगन्ज डिपोमा आइओसीको लखनउ टर्मिनलबाट इन्धन ढुवानीको गृहकार्य अघि बढेको छ। 'आइओसीले गोन्डा डिपो बन्द गरेर लखनउबाट इन्धन कारोबार गर्ने अनौपचारिक जानकारी गराएको छ, त्यसैले हामीले पनि आउँदा दिनमा लखनउबाटै तेल ल्याउन आवश्यक गृहकार्य गरिरहेका छौं,' उनले भने। गोन्डा-नेपालगन्जबिच करिब एक सय ५० किलोमिटर दूरी छ। लखनउबाट इन्धन ढुवानी गर्दा भने थप करिब ६० किलोमिटर दूरी तय गर्नुपर्छ। यसले समय र ढुवानी लागतसमेत बढ्नेछ। 'गोन्डाबाट एक दिनमा तेल ल्याइरहेका छौं, तर लखनउ जानुपऱ्यो भने दुई दिन लाग्ने देखिन्छ,' डिसीले भने। नेपालगन्जबाट एक सय ८३ ट्यांकर इन्धन ढुवानीका लागि प्रयोग भइरहेका छन्।

पाइपलाइनबाट ल्याएको इन्धन अमलेखगन्ज डिपोले काठमाडौं, विराटनगर, पोखरा र भैरहवासम्म वितरण गर्छ, तर अमलेखगन्ज डिपोमातहतका करिब अढाई सय पम्पलाई वितरण गर्ने पेट्रोल भने कमिसनको खेलमा ओसारिने गरिन्छ, यसबाट निगमलाई मासिक पाँच करोड व्ययभार थपिन्छ

स्रोतका अनुसार हवाई इन्धन आपूर्ति र वितरण गरिरहेको निगमको सिनामंगल डिपोमा धेरै ट्यांकर स्थानान्तरण हुन थालेका छन्। यहाँ हवाई इन्धन ढुवानीका लागि थप ट्यांकरसमेत आवश्यक भएकाले पूर्ति गर्न लागिएको हो। त्यस्तै, विराटनगर, नेपालगन्जलगायतका डिपोतर्फ पनि केही ट्यांकर स्थानान्तरण गर्न छलफल भइरहेको स्रोतको भनाइ छ।

निगमको अमलेखगन्ज डिपो प्रमुख प्रलयंकर आचार्यले एक महिनाअघिबाट बरौनीदेखि पेट्रोल ओसारिरहेका ट्यांकर स्थानान्तरण गर्ने गृहकार्य चलिरहेको दाबी गरे। 'हामी एक महिनाअघिबाटै एक सय चार ट्यांकरलाई अन्यत्र स्थानान्तरणका लागि पहल गरिरहेका थियौं। अहिले सो कार्यलाई थप तीव्रता दिइरहेका छौं,' उनले भने। अमलेगन्ज डिपोले काठमाडौं, विराटनगर, भैरहवा र पोखरामा वितरण गर्ने पेट्रोल पाइपलाइनबाट र स्थानीय पम्पलाई वितरण गर्ने पेट्रोल भने ट्यांकरबाट ओसारिरहेको छ। दैनिक २०-२५ गाडीबाट करिब पाँच लाख लिटर पेट्रोल ओसार्ने गरिएको छ।

जेन–जी आन्दोलनबाट भएको क्षतिको बिमाबापत चार अर्ब भुक्तानी

प्रारम्भिक प्रतिवेदनका आधारमा ५० प्रतिशतसम्म अग्रिम भुक्तानी दिन सरकारले दिएको थियो निर्देशन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण आएको दाबीबापत बिमा कम्पनीहरूले चार अर्ब दुई करोड अग्रिम भुक्तानी दिएका छन्। २३ अर्ब ४३ करोड ४१ लाख रुपैयाँबराबरको क्षति दाबी गर्दै तीन हजार दुई सय ५५ दाबी परेकामा हालसम्म चार अर्ब दुई करोड भुक्तानी भएको बिमा प्राधिकरणले जनाएको छ।

अन्तिम दाबी भुक्तानीको विवरण सर्भेयर प्रतिवेदन आएपछि मात्रै प्राप्त हुने भएपछि बिमा कम्पनीहरूले बिमितको सहजताका लागि तत्काललाई आंशिक रकम अग्रिम दाबीबापत दिइरहेका हुन्। सरकारले पनि प्रारम्भिक प्रतिवेदनका आधारमा ५० प्रतिशत अग्रिम भुक्तानी गर्न ५ असोजमै निर्देशन दिएको थियो।



कुन क्षेत्रमा कति भयो दाबी भुक्तानी ?

- **सम्पत्ति बिमा** : ३ अर्ब ९ करोड ४७ लाख
- **मोटर बिमा** : ८४ करोड ८५ लाख
- **इन्जिनियरिङ तथा ठेक्का जोखिम** : ६ करोड ६९ लाख
- **परिवहन बिमा** : ४८ लाख
- **अन्य बिमामा** : ३९ लाख

प्राधिकरणका अनुसार सम्पत्ति बिमातर्फ १९ अर्ब तीन करोड ४१ लाखबराबरका ६ सय ९५ वटा दाबी परेकामा तीन अर्ब नौ करोड ४७ लाख अग्रिम भुक्तानी गरिएको छ।

त्यस्तै, मोटर बिमामा तीन अर्ब ४४ करोड १० लाख रुपैयाँबराबरका दुई हजार दुई सय ९५ वटा दाबी परेकामा ८४ करोड ८५ लाख अग्रिम भुक्तानी गरिएको प्राधिकरणको तथ्यांक छ।

इन्जिनियरिङ तथा ठेक्का जोखिम बिमामा ५५ करोड चार लाखबराबरका दुई सय नौवटा दाबी परेकामा ६ करोड ६९ लाख अग्रिम भुक्तानी भएको छ। परिवहन बिमातर्फ एक करोड ६९ लाखबराबरका १२ वटा दाबी परेका थिए, त्यसमा ४८ लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको छ।

अन्य बिमामा ३९ करोड १८ लाखबराबरका ४४ वटा दाबी परेका थिए, त्यसमा ३९ लाख अग्रिम भुक्तानी गरिएको प्राधिकरणले जनाएको छ।

■ असोजको बाढीबाट भएको क्षतिमा एक करोड १४ लाख अग्रिम भुक्तानी

१८-२० असोजको वर्षा तथा बाढीपहिरोबाट क्षति भएको दाबीसहित परेको निवेदनमा बिमा कम्पनीहरूले एक करोड १४ लाख भुक्तानी दिएका छन्। उक्त बाढीका कारण निर्जीवन बिमा कम्पनीहरूमा तीन अर्ब ७७ करोड ४२ लाख रुपैयाँबराबरका सात सय ४४ वटा दाबी परेका छन्।

विभिन्न १३ निर्जीवन बिमा कम्पनी र दुईवटा लघु निर्जीवन बिमा कम्पनीमा यसअन्तर्गतका दाबी परेका छन्। सम्पत्ति बिमामा तीन अर्ब २१ करोड ५० लाखबराबरका चार सय पाँचवटा दाबी परेका छन्। त्यसमा ६४ लाख अग्रिम भुक्तानी गरिएको छ। यस्तै, इन्जिनियरिङ तथा ठेक्का जोखिम बिमामा ४७ करोड ६६ लाखबराबरका एक सय चारवटा दाबी परेका छन्। त्यसमा हालसम्म एक लाख ५४ हजार अग्रिम भुक्तानी गरिएको छ।

कृषि तथा बाली बिमामा चार करोड १४ लाखबराबरका दुई सय १० वटा दाबी परेका छन्। त्यसमा हालसम्म एक लाख अग्रिम भुक्तानी गरिएको छ। यस्तै, मोटर बिमामा दुई करोड ८२ लाखबराबरका ४० वटा दाबी परेका छन्। त्यसमा हालसम्म ४८ लाख रुपैयाँ अग्रिम दाबी भुक्तानी गरिएको प्राधिकरणले जनाएको छ।



■ 'नेपाल रि'मार्फत साढे दुई अर्ब भुक्तानी

सरकारी स्वामित्वको नेपाल पुनर्बिमा कम्पनी (नेपाल रि)ले निर्जीवन बिमा कम्पनीहरूलाई दुई अर्ब ५१ करोड ७९ लाख अग्रिम भुक्तानी दिएको छ। कम्पनीहरूले हुलदंगाको पुनर्बिमा नेपाल रिमै गरेका थिए। त्यसअन्तर्गत नेपाल रिमा कम्पनीहरूले १५ अर्ब ८१ करोडबराबरका २८ सय ६० वटा दाबी गरेका छन्। त्यसमा नेपाल रिले पनि अग्रिम दाबी भुक्तानी दिन सुरु गरेको हो।

'अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति आवश्यक'



काठमाडौं/ दक्षिण एसियाको व्यापार र अर्थशास्त्रबारे परामर्श गर्दै आएको 'साउती'ले आयोजना गरेको कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिको गृहकार्य भइरहे पनि त्यसअघि चाल्नुपर्ने कदमबारे मूल्यांकन आवश्यक रहेको बताएका छन्।

शुक्रबार आयोजित कार्यक्रममा मन्त्री सिन्हाले मुलुक अहिले कुन अवस्थामा छ र विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा के-कस्ता विषय सुनिश्चित हुन्छन् भन्नेमा ध्यान दिनुपर्ने बताए। नेपालले नोभेम्बर ०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य राखेको छ। अन्तर्क्रियामा उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले अतिकम विकसित राष्ट्रको श्रेणीबाट माथि उठ्नु महत्त्वपूर्ण राष्ट्रिय उपलब्धि भए पनि अहिलेका प्रमुख नीतिमा चुनौती ल्याउनेतर्फ पनि सजग हुनुपर्ने बताए। स्तरोन्नतिपछि मन्द आर्थिक वृद्धिमाथ सूक्ष्म, साना र मझौला व्यवसायीलाई थप दबाब पर्ने विषयमा मूल्यांकन हुनुपर्ने बताए।

'लगानीकर्ताको विश्वास अझै कमजोर रहेको छ। नेपालले करमुक्त, कोटामुक्त बजार पहुँच र अन्य अन्तर्राष्ट्रिय समर्थनको क्षति भोग्नेछ। जसले विशेष गरी गार्मेन्ट, कार्पेट र पश्मिना उद्योगलाई असर गर्नेछ। निरन्तर संरचनात्मक अवरोधले पनि अर्थतन्त्रलाई थप दबाब पुऱ्याउन सक्छ,' उनले भने। कार्यक्रममा गार्मेन्ट एसोसिएसनका अध्यक्ष पशुपतिदेव पाण्डेले स्तरोन्नतिका लागि कत्तिको तयार छौं भन्ने प्रश्न मूल विषय रहेको बताए। 'प्रश्न यो होइन कि हामी कहिले स्तरोन्नति गर्ने, तर हामी कति तयार छौं भन्ने मुख्य विषय हो। अहिले नै स्तरोन्नति अलि गाह्रो छ,' उनले भने।

भूमि अध्यादेशको व्यवसायीहरूद्वारा स्वागत

काठमाडौं/नेपाल जग्गा तथा आवास विकास महासंघले भूमिसम्बन्धी अध्यादेशको नवौं संशोधनले मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने बताएको छ।

महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले शुक्रबार विज्ञप्ति जारी गरी जग्गा हदबन्दीका कारण लामो समयदेखि समस्यामा परेका व्यवसायीलाई भूमिसम्बधी अध्यादेश प्रमाणीकरणले राहत दिएको बताएका छन्।

व्यवसायीले जग्गा हदबन्दीका कारण बिक्री हुन नसकेको हाउजिङ तथा अपार्टमेन्ट बिक्री-वितरण गर्न पाउने र खरिदकर्ताले आफ्नो नाममा पास गरी लालपुर्जा पाउने बाटो खुलेको उनले बताए। हदबन्दीको कारण देखाउँदै सम्पत्ति बिक्रीमा रोक लगाउँदा व्यवसायीको करिब दुई खर्बबराबरको सम्पत्ति 'होल्ड' भएको महासंघले बताएको छ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, जनकपुर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०८/१३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगानाः	
जनकपुर उप महानगरपालिका, उप महानगर कार्यपालिको कार्यालय, उद्योग विकास शाखा, जनकपुरधाम, धनुषामा प्रा.फ.द.प्र.प.नं. ५८८९/११/०६६/६७ कायम भई मिति २०६६/०४/१८ मा दर्ता भएको धनुषा जिल्ला, जनकपुर उप महानगरपालिका वडा नं. ४ स्थित **कैड नेपाल श्री बालाजी इन्जिनियरिङ्ग कन्सल्टेन्सी** ।	
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगानाः	
१.	सन्तु ठाकुर वडहीको नाती, बाल बोध ठाकुरको छोरा, धनुषा जिल्ला, नगराईन गा.वि.स/उ.म.न.पा वडा नं. ३ बस्ने **राम विलास ठाकुर** ।
२.	बाल बोध ठाकुरको नाती, राम विलास ठाकुरको छोरा, धनुषा जिल्ला, नगराइन गा.वि.स/उ.म.न.पा वडा नं. ३ बस्ने **संतोष कुमार ठाकुर** ।
३.	ज्ञानचन ठाकुरको छोरी, राम विलास ठाकुरको श्रीमती, धनुषा जिल्ला, नगराईन गा.वि.स/उ.म.न.पा वडा नं. ३ बस्ने **माया देवी ठाकुर** ।
४.	सरावर ठाकुर बरहीको छोरी, सुनिल ठाकुरको श्रीमती, धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने **पुनिता कुमारी ठाकुर** ।
५.	बाल बोध ठाकुरको नाती, राम बिलास ठाकुरको छोरा, धनुषा जिल्ला, नगराईन गा.वि.स/उ.म.न.पा वडा नं. ३ बस्ने **सुनिल ठाकुर** ।
६.	लाली ठाकुरको छोरी, संतोष कुमार ठाकुरको श्रीमती, धनुषा जिल्ला, नगराईन गा.वि.स/उ.म.न.पा वडा नं. ३ बस्ने **रेखा शर्मा** ।
धितो सुरक्षणको विवरणः	
१.	**माया देवी ठाकुर**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, नगराईन न.पा/उ.प.न.पा/म.न.पा वडा नं. २ (नक्सा सिट नं. २/क) को कित्ता नं. २०८ र ५८९ को क्रमशः ०-०-५-० र ०-०-१०-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**रेखा शर्मा**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, नगराईन न.पा/उ.प.न.पा/म.न.पा वडा नं. २ (नक्सा सिट नं. २/क) को कित्ता नं. ६८६ को ०-१-०-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३.	**राम विलास ठाकुर**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, नगराईन न.पा/उ.प.न.पा/म.न.पा वडा नं. २ (नक्सा सिट नं. २क) को कित्ता नं. ४२२ को क्षेत्रफल ०-०-१२-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
४.	**राम विलास ठाकुर**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, नगराईन न.पा/उ.प.न.पा/म.न.पा वडा नं. १ (नक्सा सिट नं. १) को कित्ता नं. २१०७ र २१०५ को क्रमशः ०-१-०-८ र ०-१-०-१० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौं, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

गिडीदहमा विद्युत् उत्पादनको सम्भाव्यता अध्ययन

कर्णालीमा रारा र फोक्सुन्डो तालपछिको तेस्रो ठुलो पर्यटकीय गन्तव्य गिडीदहबाट ७२ मेगावाट विद्युत् उत्पादनको सम्भावना

जुम्लामा **मानदत्त रावल**

तातोपानी गाउँपालिका-४ स्थित गिडीदहबाट बगिरहेको पानीबाट विद्युत् उत्पादन गर्न सम्भाव्यता अध्ययन थालिएको छ।

जर्मनी र भारतीय विज्ञसहितको टोलीले स्थलगत सम्भाव्यता अध्ययन गरेर विस्तृत अध्ययन प्रतिवेदन बनाउने तयारीसमेत थालेको छ। तातोपानी- ४ का वडाध्यक्ष अमरबहादुर रोकायाले स्थानीय तहको समन्वयमा एक वर्षदेखि प्राविधिक टोलीले विद्युत् सर्भेको काम थालिरहेको बताए। दुईपटक स्थानीयस्तरमा प्राविधिक जनशक्ति परिचालन गरेर सर्भे भए पनि यसपटक विज्ञहरूको टोली गिडीदह जलाधार क्षेत्रमा पुगेको उनले जानकारी दिए।

हेलिकोप्टरमा आएको विज्ञको टोली सर्भे गरेर फर्किए पनि केही प्राविधिक गाउँमै बसेर काम गरिरहेका छन्। वडाध्यक्ष रोकायाले भने, 'गिडीखोला जलाधार क्षेत्रबाट धेरै ठुलो क्षमताको विद्युत् निकाल्ने गृहकार्य भइरहेको छ। जसका लागि नेपाल विद्युत् प्राधिकरणबाट अनुमति लिनेदेखि स्थानीय समुदायसँग स्रोत प्रयोगबारे छलफल भइसकेको छ।'



ड्रोनको प्रयोग गरेर क्षेत्र मापन गर्नेदेखि सर्भेको काम तीव्र रूपमा भइरहेको छ। 'अहिले विद्युत् प्राधिकरणले ७२ मेगावट विद्युत् उत्पादनका लागि अनुमति दिएको छ,' वडाध्यक्ष रोकायाले भने, 'आगामी वैशाख महिनासम्म सबै रिपोर्ट सार्वजनिक हुनेछ।'

विज्ञटोलीले विद्युत् निकाल्न प्रयोग हुने पानीको स्रोत गिडीदहदेखि विद्युत्गृह बनाउने स्थानसम्मको अवलोकन गरेर समुदायसँग छलफल गरेर फर्किएको छ।

विद्युत्को डिपिआर बनाउनेदेखि उत्पादन गर्ने जिम्मेवारीसम्म इन्भेस्टमेन्ट प्रालिले लिएको छ।

सबै रिपोर्ट हेरेर पाँच वर्षसम्म विद्युत् उत्पादन गर्न सक्ने लक्ष्य लिएको रोकायाले बताए। 'पहिलो चरणमा प्राविधिक रिपोर्टले ८० प्रतिशत विद्युत् निकाल्न सकिने सम्भावना देखाइसकेको छ,' वडाध्यक्ष रोकायाले भने।

कर्णाली प्रदेशको तेस्रो ठुलो र मनोरम गिडीदह ताल पर्यटक आकर्षण केन्द्रका रूपमा रहेको छ। रारा र फोक्सुन्डो तालपछि कर्णालीको तेस्रो ठुलो गिडीदहको लम्बाइ १५ सय १० मिटर, चौडाइ तीन सय १० मिटर र गहिराइ ४२.८ मिटर रहेको छ। ०८१ मा तीन सय पर्यटकले गिडीदह भ्रमण गरेका थिए।

भूतप्रेत लाग्ने भ्रामक प्रचारका कारण तालनजिक जान स्थानीयसमेत डराउन थालेपछि तातोपानी गाउँपालिकाले ०७९ असोजमा पहिलोपटक गिडीदह सम्मेलन गरेको थियो। त्यसपछि भने गिडीदह घुम्नेको संख्या बढ्न थालेको वडाध्यक्ष रोकायाले बताए। पर्यटकको आगमन सहजताका लागि प्रचारप्रसारदेखि पदमार्ग निर्माण गरिएको छ।



दोस्रो एनपिएल : ब्याटिङ र बलिङमा को अगाडि ?

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

विराटनगर किंग्स र कर्णाली याक्सबिच शुक्रबार भएको खेलसँगै दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा १६ खेल सकिएका छन् । गत वर्षको साबिक उपविजेता सुदूरपश्चिम रोयल्स चार खेलमै अपराजित रहँदै आठ अंकसाथ शीर्ष स्थानमा छ । सुदूरपश्चिमको तुलनामा एक खेल बढी प्रतिस्पर्धा गरेको विराटनगरले आठै अंकले पनि रनरेटमा दोस्रो स्थान रक्षा गरेको छ । शुक्रबारको खेलसम्म एनपिएलमा आबद्ध विदेशी खेलाडी नै हाबी देखिन्छन् । सर्वाधिक धेरै रन बनाउने सूचीको शीर्ष तीन स्थानमा विदेशी नै छन् । बलिङमा भने विराटनगरमा आबद्ध घरेलु खेलाडी सन्दीप लामिछाने शीर्ष स्थानमा छन् । धेरै विकेट लिने बलर सूचीको चौथो स्थानमा काठमाडौं गोर्खाजका कप्तान करण केसी छन् । समग्रमा अहिलेसम्म ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गर्ने पाँच खेलाडी यस्ता छन् ।

सर्वाधिक रन

रवि बोपारा (चितवन)


खेल : ४, रन : २०४, अर्धशतक : ३



इंग्ल्यान्डका पूर्वखेलाडी बोपारा लगातार दोस्रो सिजन पनि उत्कृष्ट फर्ममा छन् । एनपिएलको पहिलो सिजनमा पनि उनी सर्वाधिक रन बनाउने ब्याट्सम्यानको शीर्ष पाँचभित्र रहेका थिए । चितवन राइनोजका बोपाराले चालू सिजनमा चार खेलमा चारै इनिङ्स ब्याटिङ गरी दुई सय चार रनको योगफल बनाएका छन् । उनी पहिलोपटक लगातार खेलमा अर्धशतकीय इनिङ्स खेल्न चुके । काठमाडौं गोर्खाजविरुद्धको प्रतिस्पर्धामा बोपारा २१ रनमा आउट भए । यसअघि उनले विराटनगरविरुद्ध ६५, लुम्बिनीसँग ५२ रन तथा कर्णालीसँगको प्रतिस्पर्धामा ५२ रनको योगदान दिएका थिए । बोपाराले १३४ स्ट्राइकमा ब्याटिङ गरी ११ छक्का र ११ चौका प्रहार गरेका छन् ।

प्रियांक पाञ्चाल (कर्णाली)

खेल : ४, रन : १६५, अर्धशतक : २



भारतका पाञ्चाल दोस्रो संस्करणको एनपिएलमा सर्वाधिक व्यक्तिगत रन बनाउने खेलाडीको सूचीको दोस्रो स्थानमा छन् । उनले चार खेलमा चारै इनिङ्स ब्याटिङ गरी कर्णाली याक्सका लागि एक सय ६५ रन बटुलेका छन् । यस क्रममा उनले दुई शतकीय इनिङ्स खेलेका छन् । उनले १५० को स्ट्राइकमा ब्याटिङ गरी १४ चौका र नौ छक्का प्रहार गरेका छन् । शुक्रबार विराटनगरविरुद्धको खेलमा उनले केवल ४७ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ६३ रनको योगदान दिएका थिए । चितवन राइनोजविरुद्ध नर्भस नाइटिज सिकार हुँदा उनी ९० रनमा आउट भएका थिए ।

मार्क वाट (कर्णाली)

खेल : ४, रन : १५३, शतक : १



कर्णाली याक्सले अनुबन्ध गरेका विदेशी खेलाडीमध्ये मार्क वाट सबैभन्दा भरपर्दा ब्याट्सम्यान हुन् । उनले चालू एनपिएलमा एक शतकीय इनिङ्सको सहयोगमा समग्रमा एक सय ५३ रन बनाएका छन् । लुम्बिनी लायन्ससँगको खेलमा उनले एक सय १४ रनको शतकीय इनिङ्स खेलेका थिए । तर, त्यसपछिका खेलमा उनले सोचेजस्तो ब्याटिङमा कर्णालीलाई योगदान दिन सकेका छैनन् । विराटनगर किंग्ससँगको महत्त्वपूर्ण खेलमा उनले केवल ६ रन मात्र बनाए । वाटले १८२ स्ट्राइकमा ब्याटिङ गरी आठ चौका र १४ छक्का प्रहार गरेका छन् । उनी चालू एनपिएलमा एकपटक नटआउट रहे ।

रोहित पौडेल (लुम्बिनी)

खेल : ४, रन : १३४, स्ट्राइक : ९६.४०



दोस्रो संस्करणको एनपिएलमा स्वदेशी खेलाडीमध्ये सबैभन्दा धेरै रन बनाउने ब्याट्सम्यानमा लुम्बिनी लायन्सका कप्तान रोहित हुन् । चारै खेलमा ब्याटिङ गरी उनले एक सय ३४ रन जोडेका छन् । दुईपटक उनी अर्धशतकीय इनिङ्सनजिक पुगे पनि चुके । उनले चार खेलमा आठ चौका र दुई छक्का प्रहार गरेका छन् ।

लोकेश बम (विराटनगर)

खेल : ५, रन : १२७, अर्धशतक : १



एनपिएलमा व्यक्तिगत धेरै रन बनाउने खेलाडीको सूचीको पाँचौं स्थानमा विराटनगरका लोकेश बम रहेका छन् । उनले पाँच खेलमा पाँचै इनिङ्स ब्याटिङ गरी एक सय २७ रन जोडेका छन् । यस क्रममा उनले एकपटक अर्धशतकीय इनिङ्स खेले । १२३ को स्ट्राइकमा ब्याटिङ गरेका बमले चार चौका र ११ छक्का प्रहार गरेका छन् । उनले पोखरा एभेन्जर्सको कमजोर ब्याटिङको फाइदा लिँदै ७२ रन जोडेका थिए । त्यसपछि उनले जनकपुर बोल्ट्सविरुद्ध दोस्रो सर्वाधिक २८ रन जोडे ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	४	४	०	८	१.३४
विराटनगर	५	४	१	८	०.४२
काठमाडौं	५	३	२	६	०.४१
चितवन	४	२	२	४	-०.११
कर्णाली	४	१	३	२	०.०७
पोखरा	३	१	२	२	-०.७६
लुम्बिनी	४	१	३	२	-१.१७
जनकपुर	३	०	३	०	-०.८२

धेरै विकेट

सन्दीप लामिछाने (विराटनगर)

खेल : ५, विकेट : १०, प्रदर्शन : ४/११



गत सिजनमा झैं विराटनगरका कप्तान सन्दीपले त्रिवि क्रिकेट रंगशालामा आफ्नो स्पिन बलको जादुमयी खेल प्रदर्शन गरिरहेका छन् । विराटनगर अंकतालिकाको दोस्रो स्थानमा रहँदा कप्तान सन्दीपको बलिङ असाधारण रह्यो । उनले पाँच खेलमा सर्वाधिक १० विकेट लिएका छन् । पाँचै इनिङ्स बलिङ गरेका उनले साबिक विजेता जनकपुर बोल्ट्समाथि नौ रनको सनसनी जितमा उत्कृष्ट प्रदर्शन गरेका थिए । सो खेलमा उनले ११ रन खर्चेर जनकपुरका चार विकेट हात पारेका थिए । विराटनगरले पाँच खेल खेल्दा सन्दीप विकेटविहीन भएका छैनन् ।

हर्मित सिंह (सुदूरपश्चिम)

खेल : ४, विकेट : ९, प्रदर्शन : ३/२२



अमेरिकाका स्पिनर हर्मितले चालू एनपिएलमा प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गरी सुदूरपश्चिमको अपराजित यात्रामा महत्त्वपूर्ण अलराउन्डर खेलाडी बनेका छन् । हर्मितले चार खेलमा नौ विकेट हात पारेका छन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा उत्कृष्ट खेल प्रदर्शन गरी २२ रन खर्चेर नौ विकेट हात पारेका थिए । सुदूरपश्चिमले चार खेल खेल्दा उनले तीन खेलमा समान दुई विकेट हात पारे । काठमाडौं, पोखरा र कर्णालीसँगको खेलमा उनले दुई-दुई विकेट हात पारेका हुन् ।

मिलिन्द कुमार (काठमाडौं)

खेल : ४, विकेट : ९, प्रदर्शन : ३/१५



काठमाडौं गोर्खाजले लगातार दोस्रो खेलमा जित निकाल्दा अमेरिकाकै मिलिन्दको बलिङ प्रभावशाली देखिएको छ । चारै खेलमा बलिङको अवसर पाएका मिलिन्दले अहिलेसम्म नौ विकेट लिएका छन् । उनी सर्वाधिक विकेट लिने सूचीको तेस्रो स्थानमा छन् । इकोनोमी रेट राम्रो भएकाले मिलिन्द तेस्रो स्थानमा रहेका हुन् । अहिलेसम्म उनले चारै खेलमा विकेट हात पारेका छन् । जनकपुरविरुद्धको प्रतिस्पर्धामा १५ रन खर्चेर मिलिन्दले सर्वाधिक तीन विकेट आफ्नो नाममा लेखाए । यसबाहेक चितवन, लुम्बिनी र सुदूरपश्चिमसँगको खेलमा उनले समान दुई विकेट हात पारे ।

करण केसी (काठमाडौं)

खेल : ५, विकेट : ९, प्रदर्शन : ४/३०

काठमाडौंले लगातार दुई खेलमा जित निकाल्दा कप्तान करणले बलिङमा धारिलो प्रदर्शन गरेका थिए । पाँच खेल खेल्दा उनले नौ विकेट हात पारेका छन् । इकोनोमी रेटका कारण उनी सर्वाधिक विकेट लिने सूचीको चौथो स्थानमा रहेका हुन् । लुम्बिनी लायन्ससँगको खेलमा उनले ब्याटिङमा ३४ रन जोडेका थिए । उनले टूम्पेलम्यानको ओभरमा २८ रन जोडेका थिए । चालू सिजनमा उनको उत्कृष्ट बलिङ प्रदर्शन सुदूरपश्चिमविरुद्ध रह्यो । यस खेलमा उनले ३० रन खर्चेर सर्वाधिक चार विकेट हात पारेका थिए । काठमाडौंले शुक्रबार चितवन राइनोजमाथि जित निकाल्दा कप्तान करणले दुई विकेट हात पारेका थिए ।



मर्चान्ट डी लागे (विराटनगर)

खेल : ५, विकेट : ८, प्रदर्शन : २/१७

एनपिएलको १६औं खेलमा विराटनगरले कर्णाली याक्समाथिको तीन विकेटको सनसनी जित निकाल्दा डी लागे खर्चिलो बलर बनेका थिए । उनले ४० रन खर्चेर एक विकेट मात्र हात पारे । तर, समग्रमा विराटनगरका लागि कप्तान सन्दीपपछि उत्कृष्ट बलिङ गर्ने खेलाडीमा उनी दोस्रो स्थानमा छन् । डी लागेले अहिलेसम्म पाँच खेलमा आठ विकेट हात पारेका छन् । विराटनगरले पाँच खेल खेल्दा तीन खेलमा उनले समान दुई विकेट हात पारे । पोखरा, काठमाडौं र चितवनविरुद्ध उनले दुई-दुई विकेट हात पारे ।



आजका खेल

लुम्बिनी लायन्स	बिहान ११:१५ बजे	पोखरा एभेन्जर्स	
जनकपुर बोल्ट्स	दिउँसो ३:३० बजे	सुदूरपश्चिम रोयल्स	



विराटनगरको सनसनीपूर्ण जित

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा शुक्रबार विराटनगर किंग्सले कर्णाली याक्समाथि सनसनी तीन विकेटको जित निकालेको छ । पहिलो ब्याटिङ गरेको कर्णालीले २० ओभरमा तीन विकेट गुमाएर एक सय ६० रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा विरानगरले १९.५ ओभरमा सात विकेटको क्षतिमा एक सय ६३ रन जोड्यो । विराटनगरलाई जित दिलाउने क्रममा बसिर अहमादले ४३ बलमा ६२ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले समान तीन छक्का र चौका प्रहार गरे । नन्दन यादवको बलमा छक्का प्रहार गरी उनले विराटनगरलाई महत्त्वपूर्ण दुई अंक दिलाए ।

इनिङ्सको एक समय विराटनगर ११.६ ओभरमा ६५-५ को नाजुक अवस्थामा थियो । नारायण जोशी र बसिरले छैटौं विकेटका लागि महत्त्वपूर्ण ६९ रनको साझेदारी गर्दै विराटनगरलाई जितको आशा दिलाए । दुवैले टोलीलाई १७.४ ओभरमा १३४-६ को स्थितिमा राखे । नारायणले १६ बलमा २५ रन बनाउन दुई चौका र एक छक्का प्रहार गरेका थिए । कर्णालीले खेलमा विराटनगरलाई २१ अतिरिक्त रन दिएको थियो । स्लो ओभर गरेका कारण कर्णालीले पेनाल्टी पाएको थियो ।

यसअघि ब्याटिङ गरेको कर्णाली याक्सका लागि ओपनर प्रियांक पाञ्चालले ४७ बलमा सर्वाधिक ६३ रनको योगदान दिएका थिए । उनले ६ चौका र दुई छक्का प्रहार गरे । यसैगरी, विलियम बोसिस्टोले ४८ बलमा दुई चौका प्रहार गरी ४८ रन जोडे । गुल्सन झाले १० बलमा २० रन तथा नजिबुल्लाह जार्दानले ६ बलमा १२ रन बनाए ।

तेस्रो जितसँगै काठमाडौं तेस्रो स्थानमा

काठमाडौं गोर्खाजले चितवन राइनोजलाई ५३ रनले पराजित गर्दै दोस्रो एनपिएलमा तेस्रो जित हात पारेको छ । काठमाडौंले ६ अंक बनाएको छ ।

काठमाडौंले दिएको एक सय ४३ रनको लक्ष्य पछ्याएको चितवन राइनोजले १७.१ ओभरमा सबै विकेट गुमाएर ८९ रनमै अलआउट भयो । चितवनका लागि देव खनाल र रवि बोपाराले समान २१ रन बनाए । सोहेल तन्भिरले १८ रन जोडे । बाँकी खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । काठमाडौंका लागि रसिद खानले १.२ ओभरमा तीन रन मात्र खर्चेर तीन विकेट लिए । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा पहिले ब्याटिङ गरेको काठमाडौंले १९.४ ओभरमा सबै विकेट गुमाएर एक सय ४२ रन बनाएको थियो । काठमाडौंका सिम्पसनले सर्वाधिक ६० रन बनाउन २९ बल खेल्दै तीन चौका र पाँच छक्का प्रहार गरे । मिलिन्द कुमारले ४३ बलमा ३८ रन जोडे । उनीहरूले तेस्रो विकेटका लागि ९८ रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए । १५ ओभरमा १०९/३ को अवस्थामा रहेको काठमाडौंले त्यसपछि थप ३३ रन जोड्दा बाँकी ७ विकेट गुमाएको थियो । चितवनका लागि सोहेलले ४ ओभरमा २५ रन खर्चेर ४ विकेट लिए ।

■ आजको तस्बिर



जितको खुसी

त्रिवि रंगशालामा शुक्रबार कर्णाली याक्समाथि तीन विकेटको जित निकालेपछि विराटनगर किंग्सका बसिर अहमाद ।

तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

प्लेयर्स टु वाच

विपिन खत्री (पोखरा)



पोखराले साबिक विजेता जनकपुर बोल्ट्ससँगको प्रतिस्पर्धामा स्पिनर विपिनलाई समावेश गरेको थियो । सुदूरपश्चिम रोयल्ससँगको खेलमा प्रभावशाली प्रदर्शन गर्न नसकेका उनले जनकपुरविरुद्ध करिअरकै उत्कृष्ट खेल देखाए । उनले केवल १५ रन खर्चेर चार विकेट लिए । विपिनको यसै प्रदर्शनका कारण पोखराले लिगमा पहिलो जित निकाल्यो । लुम्बिनीको ब्याटिङमाथि उनी हाबी हुन सक्छन् । उत्कृष्ट फर्ममा रहेका कारण विपिनबाट पोखराले अधिल्लो खेलकै जस्तो प्रदर्शनको आशा लिएको छ ।

जेजे स्मिथ (लुम्बिनी)



एनपिएलको अंकतालिकामा लुम्बिनी लायन्स सातौं स्थानमा छ । लुम्बिनीले अहिलेसम्म एक जित निकालेको छ । लुम्बिनीले शनिबार पोखरा एभेन्जर्ससँग प्रतिस्पर्धा गर्दा नामिबियाका अलराउन्डर स्मिथबाट गतिलो प्रदर्शनको आशा गरेको छ । तीन खेलमा मौका पाएका स्मिथले समग्रमा ३५ रन जोडेका छन् । दुई खेलमा बलिङ अवसर पाए पनि उनी विकेटविहीन छन् । पोखराको कमजोर बलिङ आक्रमणमा स्थिमले आक्रामक रूपमा ब्याटिङ गर्न सक्छन् ।

किशोर महतो (जनकपुर)

साबिक विजेता जनकपुरले सुदूरपश्चिम रोयल्ससँग प्रतिस्पर्धा गर्दै छ । लिगमा जितविहीन रहेको जनकपुरले सुदूरपश्चिमसँगको खेलमा बलर किशोरबाट राम्रो प्रदर्शनको अपेक्षा राखेको छ । तीनवटै खेलमा अवसर पाएका उनले एक विकेट मात्र लिएका छन् । काठमाडौंसँगको पहिलो खेलमा उनले एक विकेट लिन २८ रन खर्चेका थिए । त्यसपछि कसिलो बलिङ गरे पनि उनी विकेटविहीन भए । जनकपुरको ब्याटिङ रोक्न किशोर प्रभावशाली बन्न सक्छन् ।



नरेन साउद (सुदूरपश्चिम)

लिगमा एक मात्र अपराजित टोली सुदूरपश्चिमका लागि सबै खेलाडीले कडा मिहिनेत गरेका छन् । बलिङ पार्टमा पार्टटाइम बलरका रूपमा रहेका नरेनले कसिलो बलिङ गर्दै आइरहेका छन् । उनले चार खेलमा दुई विकेट हात पारेका छन् । काठमाडौं र पोखरासँगको रोमाञ्चक खेलमा उनले समान एक विकेट हात पारे । लुम्बिनी र कर्णालीविरुद्ध कसिलो बलिङ गरे पनि उनले विकेट लिन सकेनन् । तर, गत वर्षको विजेता जनकपुरविरुद्धको प्रतिस्पर्धामा नरेनले खेलमा प्रभाव पार्न सक्छन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com